लेखापरीक्षण प्रतिवेदन

कोटहीमाई गाउँपालिका, रुपन्देही

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

कोटहीमाई गाउँपालिका, रुपन्देही

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८३ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/239

मिति : २०८३-१-२९

श्रीमान् अध्यक्षज्यू,
कोटहीमाई गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय, रुपन्देही ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/239

श्रीमान् अध्यक्षज्यू,
कोटहीमाई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
रुपन्देही ।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियतसहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२.कैफियत सहितको राय व्यक्त गर्नेआधार

२.१.महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको बमोजिमको ढाँचामा वित्तीय विवरण तयार गर्नु पर्नेमा यस गाउँपालिकाले अन्तरसरकारी अख्तियारी तर्फको कारोबार समावेश गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२.गाउँपालिकाको आय र व्यय तर्फ १ अर्ब १४ करोड ७९ लाख ९१ हजारको लेखापरीक्षणबाट रु. ८७ लाख ७४ हजार बेरुजू देखिएकोमा रु. २ लाख ६५ हजारको प्रतिक्रियाबाट सम्परीक्षण भई असुल गर्नुपर्ने रु. २ लाख ९९ हजार, नियमित गर्नुपर्ने रु. २८ लाख ५७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.४६ लाख ३ हजार र पेस्की बाँकी रु. ७ लाख ५० हजार गरी जम्मा रु. ८५ लाख ९ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु. २७ करोड ६२ लाख ११ हजारमा यस वर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजु रु. २८ करोड ४७ लाख २० हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजुस्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३.आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत कोटहीमाई गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
४९	६८	८७,७४,५६८	०	५५	२,६४,८३५	०	४९	१३	८५,०९,७३३	२,९८,७७०	२८,५७,२८३	४६,०३,६८०	०	०	७४,६०,९६३	७,५०,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
रुपन्देही	२७,६२,११,०४९	०	०	२७,६२,११,०४९	०	८५,०९,७३३	२८,४७,२०,७८२

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	४१	स्थानिय तहमा उत्तर प्रसूति घरभेट (PNC)	६०,०००
२	२०८१/८२	५६	लगत कट्टा हुनुपर्ने लाभग्राहीको नाममा भुक्तानी	१९,५८५
३	२०८१/८२	३२	प्रशासनिक प्रकृतिको कार्यको अनुगमन भत्ता	६०,३००
४	२०८१/८२	४८	नियमित कार्यका लागि भत्ता	१,२४,९५०
जम्मा				२,६४,८३५

कोटहीमाई गाउँपालिका, रुपन्देही

(८०५४८५०३३००)

कोटहीमाई गाउँपालिका , रुपन्देही

परिचय

१ **परिचय खण्ड**

(क) कार्यालय परिचयः- रूपन्देही जिल्लाको दक्षिण भागमा अवस्थित साबिकका ६ गाउँ विकास समितीहरू (सिपवा, सक्रनपकडि, मर्यादपुर बैरघाट, मझगाँवा र बोगडि) लाई मिलाएर बनाईएको यस गाउँपालिकाको नामाकरण साबिकको बैरघाट गा.बि.समा अवस्थित कोटहीमाई भगवतिको मन्दिरबाट रहन गएको हो । कुल क्षेत्रफल ५८.२६ बर्ग किलोमिटर, ५५९३ घरपरिवार बसोबास गर्ने रहेको यस गा.पाको पुर्वमा छिमेकि राष्ट्र भारत, पश्चिममा लुम्बिनी सांस्कृतिक नगरपालिका, उत्तरमा मायादेबी गाउँपालिका र दक्षिणमा सम्मरी तथा मर्चवारी गाउँपालिका अवस्थित छन्। गाउँपालिकामा अध्यक्ष, उपाध्यक्ष, ७ वडाअध्यक्ष सहित ४३ सदस्यीय गाउँसभा र १५ सदस्यीय कार्यपालिका रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्यः- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०८१।८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधिः- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१।८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८२।९।२८ देखि २०८२।१०।०१ सम्म ४ कार्यदिन रहेको छ।

(घ) लेखापरीक्षण विधिः- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

(ङ) लेखापरीक्षणको सीमाः- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएकाव्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

(च) आर्थिक कारोबारको स्थितिः- पालिकाको आय र व्ययतर्फको रु.१ अर्ब १४ करोड ७९ लाख ९१ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची-१ मा संलग्न छ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरुः- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची २ मा संलग्न छ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आर्थिक कारोबारको एकीकृत विवरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा संलग्न गरिएको छ ।

पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण निम्नानुसार छः-

प्राप्ति			भुक्तानी		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
सुरु मौज्दात		६५६२८००५	**चालु खर्च**		२७५८७४८३२
१.संचित कोष	४४६७६२३०		१. पालिका तर्फ	१४८८१७३३८	
२.धरौटी	९१३०४०४		२. संघीय सशर्त	१२७०५७४९४	
३.कार्यसञ्चालन कोष			३. संघीय विशेष		
क. विविध खर्चखाता	३६३२९४४		४. प्रदेश सशर्त		
ख. विविधकोष खाता	३७८७८०५		५. प्रदेश विशेष		
ग. प्रकोषव्यवस्थापन कोष खाता	४४००६२१		**पुँजीगत खर्च**		९५५९९३७७
यस वर्षको आय			१. पालिका तर्फ	८००७६५९७	
१.आन्तरिक आय		१६६८५१८६	२. संघीय सशर्त	५४७५८००	
क. आन्तरिक आय	६८९९०५८		३. संघीय विशेष	४६५९७४५	
ख. बाँडफाँटबाट प्राप्त घरजग्गा रजिष्ट्रशन दस्तुर	९७८६१२८		४. संघीय समपुरक	०	
२. वित्तीय हस्तान्तरण (संघ)		३८६८७१६१९	५. प्रदेश सशर्त	३२९२१८१	
क) समानीकरण अनुदान	११४३३२९६०		६. प्रदेश विशेष	१०४१५७९	
ख) राजस्व बाँडफाँट	९३३०१४२७		७. प्रदेश समपुरक	१०५३४७५	
ग) सशर्त अनुदान	१७४५३०२२०		**अन्तर सरकारीअख्तियारी (संघ)**		१४८६८९६४१
घ) समपुरक अनुदान	०		क) सामाजिक सुरक्षा	१४७६०४६४१	
ङ) विशेष अनुदान	४६५९८४५		ख) स्वास्थ्य क्षेत्रसुधार कार्यक्रम	१०८५०००	
च) रोयल्टी	४७१६७		**अन्तर सरकारीअख्तियारी (प्रदेश)**	०	०
छ) अन्य	०		**ऋण फिर्ता(साँवा)**	०	०
३. वित्तीय हस्तान्तरण (प्रदेश)		२४५३५६७४	**ऋणको ब्याज भुक्तानी**	०	०
क) समानीकरण अनुदान	८७०९०००		**धरौटी फिर्ता तथा सदरस्याहा**	२३८१३२६	२३८१३२६

ख) राजस्व बाँडफाँट	७२५०८४४		**कार्यसञ्चालन कोषबाटभएको खर्च**	१०३४२१२	१०३४२१२
ग) सशर्त अनुदान	५१८५९५०		**अन्य कोषबाट भएको खर्च**	०	
घ) समपुरक अनुदान	२३१००००		**गैरसरकारी संस्थाबाटसञ्चालित योजना**		
ङ) विशेष अनुदान	१०७९८८०		**अन्य सहयोगमा सञ्चालितयोजना**		
च) रोयल्टी	०		**अन्य खर्च भएमा**		
छ) अन्य	०		**अनुदान फिर्ता**		४५१८५६२१
४. अन्तर सरकारीअख्तियारी (संघ)		१४८६८९६४१	१. संघ तर्फ		
क) सामाजिक सुरक्षा	१४७६०४६४१		क) सशर्त अनुदान	४१९९७०२६	
ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	१०८५०००		ख) विशेष अनुदान		
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)	०	०	ग) समपुरक अनुदान		
६. ऋण/ वित्तीयव्यवस्था	०	०	२. प्रदेश तर्फ		
७. धरौटी आय	९७३२११	९७३२११	क) सशर्त अनुदान	१८९३७६९	
८. कार्यसञ्चालनकोष आय		१४७०७१२	ख) विशेष अनुदान	३८३०१	
क. सडक बोर्ड	१०३४२१२		ग) समपुरक अनुदान	१२५६५२५	
ख. पी एल जीएस पी	४३६५००		**अन्तिम मौज्दात**		७६०८९०३९
९. अन्य कोषको आय			१. संचित कोषको मौज्दात	५६१०८८८०	
१०. गैरसरकारीसंस्थाबाट सञ्चालित योजना	०	०	२. धरौटी	७७२२२८९	
११. अन्य सहयोगमाप्रास सञ्चालित योजना	०	०	३. कार्यसञ्चालनकोष	१२२५७८७०	
जम्मा		**६४४८५४०४८**	**जम्मा**		**६४४८५४०४८**

नेपाल सरकार मन्त्रिपरिषद्को २०७६।१।१७ को निर्णयानुसार सबै स्थानीय तहमा स्थानीय तह संचितकोष व्यवस्थापन प्रणाली (Sub-National Treasury Regulatory Application- SuTRA)लागु गर्ने निर्णय भई कार्यान्वयनमा रहेको छ।स्थानीय तह संचितकोष व्यवस्थापन प्रणाली (SuTRA)अनुसार पालिकाले तयार गरेको एकीकृत वित्तीय विवरण (म.ले.प.फाराम नं.२७०) मा

पालिकाले संघीय सरकारवाट अनुदान प्राप्त गरी कार्यान्वियन गरेको सामाजिक सुरक्षा तथा संरक्षण र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम वापतको रु.१४,८६,८९,६४०.६८ लाई प्रतिवेदनमा समावेश भएको छैन र राजस्व मोडेलमा सम्पत्ति तथा राजस्वको बक्यौता अवस्था र राजस्वसँग सम्बन्धित टिप्पणीहरु अद्यावधिक रुपमा समावेश गरेको देखिँदैन। पालिकाकाको सम्पूर्ण आर्थिक कारोबार स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA)मा लेखाङ्कन भई प्रतिवेदन हुने व्यवस्था हुनु पर्दछ।

क्र.सं.	बजेट शीर्षक	संघ।प्रदेश बजेट	विनियोजन रकम	खर्च रकम
१	सामाजिक सुरक्षा तथा संरक्षण	संघ	१४८११९०००	१४७६०४६४०.६८
२	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	संघ	२१६००००	१०८५०००
	जम्मा		१५०२७९०००	१४८६८९६४०.६८

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ दीर्घकालीन योजना, नीति तथा कार्यक्रम र बजेट

पालिकाको दिर्घकालीन योजना, नीति तथा कार्यक्रम, मध्यमकालीनखर्च संरचना र वार्षिक बजेट तथा योजना कार्यान्वियन अवस्था निम्नानुसार रहेको छः

३.१ आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(२) मा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिई सोही ऐनको दफा २४(१) अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नु पर्ने व्यवस्था छ। पालिकाले नेपालसरकारको "समृद्ध नेपाल, सुखी नेपाली" र लुम्बिनी प्रदेश सरकारको "समृद्ध प्रदेश र सुखी प्रदेशवासी" को लक्ष्य समेतलाई सघाउ पुग्ने गरी पालिकाको विकास निर्माण कार्यलाई मार्गदर्शक बन्ने अपेक्षा सहित प्रथम आवधिक योजना (आ.व. २०८१।०८२-२०८५।०८६) निर्माण गरेको देखियो। पालिकाले उक्त आवधिक योजनाको वार्षिक लक्ष्य र सोको प्राप्ति अवस्था मुल्याङ्कन गरेको देखिदैन। पालिकाले कार्यान्वयनमा रहेको आवधिक योजनामा उल्लेखित योजनालाई वार्षिक बजेट, निति तथा कार्यक्रममा आन्तरिकीकरण गर्दै सोको कार्यान्वयन अवस्था र लक्ष्य प्रगति सम्बन्धमा वार्षिक मुल्याङ्कन गरी प्रतिवेदन तयार गर्नु पर्दछ।

३.२ वार्षिक नीति तथा कार्यक्रम र बजेट

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले गत आर्थिक वर्षको राजस्व र व्ययको यथार्थ विवरण, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आम्दानी र खर्चको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय र व्ययको अनुमान सहित आगामी आर्थिक वर्षको बजेट कार्यपालिकाबाट स्वीकृत गराई असार १० भित्र सभामा पेश गरी असारमसान्त सम्म पारित गरिसक्नु पर्ने व्यवस्था रहेको छ। साथै सोही ऐनको दफा ७३ मा बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ को आय र व्ययको प्रक्षेपण सहित रु. ४८,५९,२५,०००.०० को बजेट तथा कार्यक्रम २०८१।३।१० गते सभाबाट स्वीकृत गरी २०८१।६।१५ मा प्रमुख प्रशासकिय अधिकृतलाई खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। ऐन अनुसार बजेट, योजना तथा कार्यक्रम निर्माण, वित्त व्यवस्थापन र समयमा खर्च गर्ने अख्तियारी प्रदान गरी सन्तुलित रुपमा कार्यक्रम कार्यान्वयन हुनु पर्दछ।

३.३ मध्यमकालिन खर्च संरचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक विषयक्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन योजना बनाई लागू गर्नुपर्ने

व्यवस्था रहेको छ। त्यसैगरी अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १६ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको र दफा १७ मा यस्तो विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले उल्लेखित अनुसार मध्यमकालीनखर्च संरचना तयार गरेको देखिएन। सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउन, विकास योजनाको लक्षित नतिजा हासिल गर्नको निमित्त उपलब्ध स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन समग्र पालिकाको अपेक्षित उपलब्धि हासिल हुने गरी मध्यमकालीनखर्च संरचना तयार हुनु पर्दछ।

३.४ वार्षिक योजना तथा बजेट प्राथमिकता

आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, महिला, बालवालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने, दीगो विकास, वातावरणीय संरक्षण तथा संवर्धन गर्न सघाउ पुर्‍याउने, भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने लगायतका स्थानीय तहका आवश्यकताका आधारमा स्थानीय तहले बार्षिक योजना तथा बजेट तर्जुमा गर्नु पर्दछ। पालिकाले रु.४७ करोड ६९ लाख बजेट मध्ये आर्थिक विकासमा ५ प्रतिशत, सामाजिक विकासमा ४६ प्रतिशत, पूर्वाधार विकासमा २१ प्रतिशत, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा ४ प्रतिशत र बाँकी २४ प्रतिशत कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चमा विनियोजन गरी औसत ८४ प्रतिशत खर्च भएको देखियो। पालिकाले सामाजिक विकासमा सबैभन्दा बढी बजेट ४६ प्रतिशत बजेट विनियोजन गरेकोमा सोको ७८.६४ प्रतिशतमात्र खर्च भएको देखिन्छ। समग्रमा पालिकाले विनियोजित बजेट मध्ये समग्रमा ७८ प्रतिशत बजेट खर्च गरेको देखिएको छ। पालिकाले सन्तुलित बजेट तथा कार्यक्रम निर्माण गरी बजेटको सोको पूर्ण रुपले कार्यान्वयन कार्यान्वयन गर्नु पर्दछ।

क्र.सं.	**क्षेत्र/ उप क्षेत्र**	**विनियोजन**	**क्षेत्रगत बजेट प्रतिशत**	**खर्च**	**खर्च प्रतिशत**
१	आर्थिक विकास	२५३०९०००	५	१७५५८११५	६९.३७
२	सामाजिक विकास	२१७०१९०००	४६	१७०६७०७५५	७८.६४
३	पूर्वाधार विकास	९९४८५०००	२१	६२८७१०११	६३.२
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	२०२६२९९९	४	१४०६००९४	६९.३९
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	११४८४९०००	२४	१०६३१४२३३	९२.५७
	कुल जम्मा	**४७६९२४९९९**	१००	**३७१४७४२०९**	७७.८८

३.५ योजना कार्यान्वयन अवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्रको विषयमा स्थानिय स्तरको विकासका लागि मध्यकालीन तथा दीर्घकालिन योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। त्यस्तै स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची-३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। आर्थिक वर्ष २०८१।८२ मा यस पालिकामा न्यूनतम रु.५० हजार देखि अधिकतम रु.५० लाख सम्मका जम्मा १६३ योजना हरु संचालन छन् ।

क्र.सं.	**रु.१ लाखसम्म**	**रु.१ लाख देखी २लाखसम्म**	**रु.२ लाख देखी रु.५लाखसम्म**	**रु.५लाख देखीरु.१० लाखसम्म**	**रु.१० लाख देखी रु.२० लाखसम्म**	**रु.२० लाख रु.५०लाख सम्म**	**रु.५० लाख भन्दा माथि**	**जम्मा**
१	४	१५४	३	१	-	-	१	१६३

पालिकावाट प्राप्त विवरणअनुसार छनौट भएका योजनाहरु साना स्तरमा रहेको देखिन्छ। योजनावाट दीर्घकालीन प्रतिफल प्राप्त योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

३.६ कार्यान्वयन नभएका योजना

पालिकाको बार्षिक योजनामा समावेश भएका मध्ये कार्यान्वयन नभएका योजना निम्नानुसार रहेका छ्न। पालिकाले बजेट तथा कार्यक्रम कार्यान्वयन हुने गरी योजना व्यवस्थापन गर्नु पर्दछ।

क्र.सं.	कार्यक्रमको नाम	कार्यान्वयन नभएको बजेट रु.
१.	सानो बोगदिया अधुरो पि सि सि ढलानदेखि ठुलो बोगदिया हूँदै सानोसिपवा सम्म पि सि सि ढलान	२००००००
२.	बिसुनपुराटोलमा सिंचाइका लागि ड्रेनेज निर्माण	१४००००
३.	हर्दीगाँउमा कुलो सरसफाइ	१०००००
४.	त्रिलोकपुरमस्जिदमा मिनार निर्माण	५००००
५.	नेपालविद्युत प्राधिकरण र गा पा को साझेदारीमा सींचाइ विद्युतीकरणको लागिगाँउपालिकाको साझेदारी हिस्सा कार्यप्रगती सम्झौता तथा कार्यपालिकाको निर्णयकाआधारमा भुक्तानी हुने	१५००००००
६.	छपियाभुवरीमा बाटो निर्माण	२०००००
७.	मोटरखरिद /जडान /अन्य कार्य	१००००००
८.	मेनरोड देखि सीतारामको घर सम्म पी.सि.सि. ढलान नौडीहवाँ	१०००००
९.	तारपोलखरिद तथा जडान कार्य (आवश्यकता अनुसार)	२०००००
१०.	देवनवक्सापुरमानदीको पुर्ब तर्फको कुलोमा ह्युम पाइप जडान	१०००००
११.	ट्रेविजर ट्रस निर्माण	३०००००
१२.	बेनीनगर झो.पु. कोटहीमाई ५-२, गुलरिहा सिपवा दानव खोला २/१, कलवरी पकडी २ दानव खोला, कोटहीमाई गाउँपालिका, रुपन्देही	१००००००
	जम्मा	२०१९००००

४ त्रैमासिक खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाइ कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

क्र.स	शीर्षक	कुल खर्च रु.	त्रैमासिक खर्च रु.				आषाढ
			प्रथम	दोस्रो	तेश्रो	चौथो	
१	चालु	३३६७२५०००.	४६८५४३९५.७४	४९५३६७३५.९२	७२४१५७२३.९७	१०७०६७९७६.४९	७५३३
२	पुँजीगत	१४०२०००००.	८४११३५.	८५९६३९.	८९८२२५२.	८४१५१७५९	७०१
३	जम्मा	४७६९२५०००	४७६९५५३१	५०३९६३७५	८१३९७९७६	१९१२१९७३५	१४५!
	खर्च प्रतिशत	**१००**	**१०**	**११**	**१७**	**४०**	

आर्थिक वर्ष २०८१।०८२ मा पालिकाले विनियोजित बजेट रु.४७,६९,२५,०००.०० मध्ये रु.३७,१४,७४,२०९.१२ अर्थात करिब ७७.८८ प्रतिशत खर्च भएको देखिएको छ। आर्थिक वर्षको पहिलो त्रैमासिकमा १० प्रतिशत, दोस्रो त्रैमासिकमा ११ प्रतिशत, तेस्रो त्रैमासिकमा १७ प्रतिशत र चौथो त्रैमासिकमा ४० प्रतिशत अर्थात रु.१९,१२,१९,७३५.०० खर्च भएको देखिएको छ। चौथो त्रैमासिकको आषाढ महिनामा कुल खर्चको १७ प्रतिशत र चौथो त्रैमासिकको ७६ प्रतिशत अर्थात रु.१४,५४,६५,१३९.०० खर्च हुनुले अन्तिम त्रैमासिक तथा आषाढमा खर्चको चाप वृद्धि भई खर्च व्यवस्थापन सन्तुलित भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा खर्च सन्तुलित हुने गरी कार्यक्रम निर्धारण र कार्यान्वियन गरिनुपर्दछ ।

५ **खर्च विश्लेषण**

पालिकाले यस वर्ष रु.४८,५९,२५,०००.०० प्रस्तावित आय अनुमान गरेकोमा आन्तरिक आयबाट रु.५,१२,७८,०७७.०० राजस्व बाँडफाँटबाट रु. ११,०३,३८,३९९.३४ संघीय सरकारबाट रु.२५,१५,२५,९९९.०० र प्रदेश सरकारबाट रु.१,४०,९६,२३५.०० समेत रु.४२,७२,३८,७१०.०० प्राप्ति भएकोमा चालु तर्फ ६५ प्रतिशत रु. २७५८७४८३२.१२ र पुँजीगत तर्फ २२ प्रतिशत रु.९,५५,९९,३७७.०० खर्च भएको छ। पालिकामा भएको चालु तथा पुँजीगत खर्च मध्ये आन्तरिक आयको हिस्सा १६.६३ प्रतिशत रहेको छ। प्रशासनिक खर्चमा मितव्ययिता कायम गर्दै पालिकाले प्राप्त गरेको अनुदान, आन्तरिक आम्दानी तथा राजस्व बाँडफाँटको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन हुने गरी बजेट तथा खर्च व्यवस्थापन गर्नुपर्दछ ।

प्राप्ति	रकम रु.	स्रोत प्रतिशत	भुक्तानी	रकम रु.	खर्च प्रतिशत
क.आन्तरिक आय	५,१२,७८,०७७	१६.६३	क. चालु खर्च	२७५८७४८३२.१२	६५
ख. संघीय सरकार	२५,१५,२५,९९९	२२.६९	ख. पुँजीगत खर्च	९५५९९३७७.	२२
ग. प्रदेश सरकार	१,४०,९६,२३५	१९.६७	ग. अनुदान फिर्ता	४५१८५६२०.९२	११
घ. राजस्व बाँडफाँट	११,०३,३८,३९९.३४	३७.६०	घ. धरौटी फिर्ता तथा सदर स्याहा	२३८१३२६	१
			ङ. बाँकी मौज्दात	८१९७५५४.३	२
जम्मा	**४२७२३८७१०**	१००	**जम्मा**	**४२७२३८७१०**	१००

६ **आन्तरिक नियन्त्रण प्रणाली**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३१ मा सङ्घ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयले आफ्नो र अन्तर्गतका कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको देखिएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन:-

बजेट व्यवस्थापन तर्फ

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसूची११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोबारको वार्षिक प्रतिवेदन तयार गरेको देखिएन,

• पालिकाले आयोजना वा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुटाई त्यस्ता आयोजनालाई प्राथमिकता दिएको देखिएन,

• योजना छनौट, बजेट व्यवस्थापन र कार्यान्वयनसम्म सबैको पहुँच, समान सहभागिता, खर्चमा मितव्ययीता र पारदर्शिता कायम भएको देखिएन,

• दीगो विकासका लक्ष्य पुरा गर्न लक्ष्यलाई आन्तरिकीकरण गरी एकीकृत दीर्घकालिन योजना तयार गरेको देखिएन।

खरिद व्यवस्थापन तर्फ

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) तथा सार्वजनिक खरिद ऐन, २०६३ को ७४(३) अनुसार स्थानीय तहले खरिद कारवाही गर्दा लागत अनुमान स्वीकृत गर्ने, बोलपत्र मूल्याङ्कन तथा स्वीकृत गर्ने, सोझै खरिद गर्ने, दफा ४१(२) बमोजिम रहने समिति तथा भेरियशन आदेश जारी गर्ने अधिकारी तोक्ने समेतका विषयमा सार्वजनिक खरिद ऐन, २०६३ को अधीनमा रही स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा गर्न सक्ने व्यवस्था रहेकोमा पालिकाले नियमावली तर्जुमा गरी राजपत्रमा प्रकाशन गरेको देखिएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ अनुसार न्यूनतम दररेट निर्धारण गर्ने व्यवस्था अनुरुप जिल्ला दरलाई स्वीकृत गरेकोमा स्थानीय स्तरमा सहजै उपलव्ध हुने निर्माण सामाग्री-ढुङ्गा, बालुवा, गिटी, माटो लगायत र वन तथा नदीजन्य- विभिन्न काठ दाउरा जस्ता सामाग्रीको दर सार्वजनिक निर्माणको खर्चमा मितव्ययी हुने गरी पुनरावलोकन गरेको देखिएन,

• पालिकाले पुँजीगत खर्चको कार्यान्वयन गर्दा नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, ग्रावेल तथा बालुवा प्रयोग हुने वडा कार्यालय भवन, विद्यालय भवन तथा सडक निर्माण गरेकोमा पालिकाको क्षेत्रमा भएका नदी तथा खोलामा उपलब्ध हुने निर्माण सामाग्री प्रयोग भए वा नभएको सम्वन्धमा नियन्त्रण गर्ने व्यवस्था तय गरेको देखिएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स बमोजिम तयार गर्नु पर्ने उल्लेख रहेकोमा कार्यपालिकाबाट सडक, भवन लगायत भौतिक निर्माण कार्यको लागि एकरुपता र मितव्ययी हुने नर्म्स स्वीकृति गरी प्रयोग गरेको देखिएन,

• सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा सो अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको देखिएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन,

• उपभोक्ता समिति मार्फत सम्पादन भएको कार्यको परिमाण तथा लागतसँग उपभोक्ताले खरिद गरेको सामानको बिल भरपाई भिडान हुने गरी अभिलेखाङ्कन गरेको देखिएन,

• गाउँपालिकाको बजेटबाट रु.९ करोड ५५ लाख ९९ हजार पुँजीगत खर्च गरेको र कन्टिन्जेन्सीबाट रु.१२ लाख ६७ हजार खर्च गरेकोमा खर्च गर्ने कार्यविधि तयार गरेको छैन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्टाफ खर्चमा २ प्रतिशत र सानातिना अन्य खर्चमा २ प्रतिशत समावेश गरी तयार गर्नु पर्ने व्यवस्था रहेकोमा ठेक्का अनुसारको कन्टिन्जेन्सी खाता नराखेकोले उल्लिखित अनुसार खर्च भएको पुष्ट्याई हुने देखिएन।

शिक्षातर्फ

• कार्यक्रम कार्यान्वयन पुस्तिकामा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन गरेको देखिएन,

• स्थानीय तहले मातहतमा रहेका विद्यालय अनुगमन गरेकोमा शैक्षिक गुणस्तर सुधार हुने गरी अनुगमन गर्ने मापदण्ड तयार गरी अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने गरेको देखिएन,

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, अनिवार्य निःशुल्क छात्रवृत्ति र अभिलेख व्यवस्थित गरेको देखिएन।

विविध तर्फ

• पालिकाले स्वास्थ्य तथा औषधिजन्य मालसामानको अभिलेख केन्द्रिय जिन्सी खाता अन्तर्गत PAMS मा दाखिला गरेको छैन,

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसारका अधिकारको कार्यान्वयन गर्न आफ्नो क्षेत्राधिकार भित्रको (स्थानीय, ग्रामीण, कृषि सडक र सिँचाई, खानेपानी, साना जलविद्युत, वैकल्पिक उर्जा, जलाधार, भूमि वर्गिकरण लगायत) आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेखाङ्कन र व्यवस्थापन गरेको देखिएन,

• सञ्चित कोषको सुरु मौज्दात भिडान हुने गरी आर्थिक वर्ष २०८०।८१ को आर्थिक तथा वित्तीय विवरण र सोमा समावेश हुने अनुसूचि प्रमाणित गरी राखेको देखिएन,

• कार्यपालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,

• पालिकाको स्थानीय सञ्चितकोषको आन्तरिक लेखापरीक्षण प्रतिवेदन अनुसार विद्युत महसुल (२२ भौचरबाट रु.७७,२९३.७९) भुक्तानी गर्दा जरिवाना भुक्तानी गरेको, घटि राजस्व दाखिला गरेको र कार्यादेश, खरिद तथा मर्मत आदेश वेगर (४३ भौचरबाट रु.१,००,३५,०२१.००) खरिद गरेको अवस्थामा सम्बन्धितलाई जिम्मेवार बनाई प्रतिवेदनको कार्यान्वयन गरेको देखिएन,

• म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राखेको भए तापनी सवारी साधन अनुरुप प्रयोग खुल्ने गरी अद्यावधिक नभएको,

• जिन्सी निरीक्षण गरी सोको कार्यान्वयन गरेको नदेखिएको,

• पालिकाको क्षेत्राधिकारमा रहेको दानव नदीबाट प्राप्त हुने नदीजन्य पदार्थको उत्खननका लागि वातावरणीय प्रभाव मुल्याङ्कन गरी आय ठेक्का गरेको छैन,

• जिन्सी मालसामान, मेशिनरी वा सवारी साधन मर्मत गर्नुपर्ने भएमा म. ले. प. फाराम ९१४ बमोजिम मर्मत आदेश स्वीकृत गराएकोमा म. ले. प. फाराम ९१५ बमोजिम मर्मत अभिलेख नराखेको।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४ बमोजिम अधिकारप्राप्त अधिकारीको लिखित आदेश विना कुनै खरिद गराउनु हुदैन भन्ने व्यवस्था विपरीत पालिकाले मसलन्द, इलेक्ट्रिक सामान, फर्निचर, खेलकुद सामाग्री लगायतका मालसामान खरिद गरेको देखियो।

पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई नियमित, मितव्ययी र प्रभावकारी बनाउन उल्लिखित व्यहोरा सुधार हुने गरी ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नु पर्दछ।

७ आन्तरिक लेखापरीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखा परीक्षण गराउनुपर्ने, दफा ७७ (२) आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने व्यवस्था रहेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा आन्तरिक लेखापरीक्षण गर्नु गराउनु पर्ने, आन्तरिक लेखापरीक्षण प्रतिवेदनका उल्लेख भए बमोजिम सुधार भए नभएको परीक्षण गर्न तथा आवश्यक कारवाही गर्न लेखापरीक्षण समिति गठन गर्नुपर्ने र आन्तरिक लेखापरीक्षकले प्रस्तुत गरेको प्रतिवेदन र सो उपर भएको कारवाहीको विवरण सहित पालिका प्रमुख समक्ष प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । आर्थिक वर्ष २०८१।८२ को स्थानीय सञ्चित कोष तथा संघीय अख्तियारीबाट भएको खर्चको आन्तरिक लेखापरीक्षणबाट आन्तरिक लेखापरीक्षण भई २०८२।०५।१२ मा प्रतिवेदन पेश भएको देखिन्छ। आन्तरिक लेखापरीक्षण गरी देखिएका बेहोरा सुधार गरी वित्तीय अनुशासन तथा वित्तीय जवाफदेहीता सुनिश्चित गराउनु पर्दछ।

८ लेखा समितिको गठन अवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार सभाले आफ्नो कार्यप्रणालीलाई व्यवस्थित गर्न नियमावली निर्माण गरी कुनै सदस्यको संयोजकत्वमा लेखा समिति, विधायन समिति, सुशासन समिति लगायत आवश्यकता अनुसार अन्य समिति र विशेष समिति गठन गर्ने सक्ने उल्लेख छ। त्यस्तै लुम्बिनी प्रदेशबाट जारी भएको गाउँसभा/नगरसभाको (कार्य सञ्चालन) कार्यविधि ऐन,

२०७६ को दफा ६७ अनुसार स्थानीय सरकारलाई सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, स्थानीय सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी स्थानीय तहको सार्वजनिक लेखा, वित्त र तत्सम्बन्धी निर्देशन वा राय सल्लाह समेत दिनका लागि लेखा समिति रहने उल्लेख छ। पालिकाको सभाको निर्णयानुसार सभाको सदस्य श्री अरुण कुमार शुक्लाको संयोजकत्वमा निम्नानुसार लेखा समिति गठन भएको देखियो।

क्र.सं.	सदस्यको नाम र पद	सभा वा कार्यपालिका सदस्य
१	संयोजक श्री अरुण कुमार शुक्ला	सभा सदस्य
२	सदस्य श्री जोखन तेली	सभा सदस्य
३	सदस्य श्री प्रेमशिला हरिजन	सभा सदस्य

९ कानुन निर्माण तथा न्याय सम्पादन अवस्था

न्यायिक कार्य सम्बन्धी व्यवस्थाको कार्यान्वयन र कानुन निर्माण अवस्था निम्नानुसार रहेको छ।

९.१ कानुन निर्माण अवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा १०२ ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ। पालिकाले २०८१।८२ को अन्त्य सम्म २० ऐन, ७ नियमावली, २४ कार्यविधि, १ निर्देशिका र १ नर्म्स गरी कुल ३४ कानुन तर्जुमा गरी स्थानीय राजपत्रमा प्रकाशन गरेको विवरण पेश गरेको छ।

९.२ न्याय सम्पादन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ८ न्यायिक कार्य सम्बन्धी व्यवस्थाको दफा ४६ देखि ५३ ले न्यायिक समितिबाट अधिकार क्षेत्र भित्रका विवादको निरुपण मूलतः निर्णय र मेलमिलापको माध्यमबाट हुने उल्लेख गरेको छ। पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०।८१ को अन्त्यमा कुनै उजुरी नभई उजुरी शुन्य भएकोमा आर्थिक वर्ष २०८१।८२ मा ९२ उजुरी परेको र ७१ उजुरी फस्यौंट भई २१ उजुरी बाँकी रहेको देखियो। पालिकाले प्राप्त उजुरी तथा विवाद ऐन अनुसार समयमै फस्यौंट गर्नु पर्दछ।

१० सेवा प्रवाह

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय सरकारको काम कर्तव्य र अधिकारको सम्बन्धमा उल्लिखित छ। पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ मा पालिकाबाट निम्नानुसारको सेवा प्रवाह गरेको देखिन्छ। पालिकाबाट बार्षिक तथा बहुबर्षिय रुपमा प्रयोग हुने गरी उपलब्ध गराएका अनुदान तथा सेवा प्रवाहको अभिलेख लाभग्राहीगत रुपमा व्यवस्थित गर्नु पर्दछ।

विवरण	निवेदन दर्ता	सिफारिस भएको संख्या
स्वीकृत घरनक्सा दर्ता पास	०५	०५
पञ्जिकरणतर्फ		
जन्मदर्ता	९२१	९२१
मृत्युदर्ता	२९८	२९८
बसाईसराई दर्ता	६१	६१
विवाह दर्ता	४०५	४०५
सम्बन्धविच्छेद दर्ता	०८	०८
विवरण	**संख्या**	**लम्बाई**
पूर्वाधार विकास सडक निर्माण	४३	३.९५ कि.मि. सडक पी.सी.सी ढलान
कालोपत्रे सडक निर्माण	०	०
कालोपत्रे सडक मर्मत	०	०
ग्राभेल सडक निर्माण तथा मर्मत	३६	१४.२ कि.मि.

११ कर्मचारी कल्याण कोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्वन्धी कानून बमोजिम अवकाश हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधि उपचार लगायतका सुविधा उपलव्ध गराउनको लगि कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत र सो रकम बराबरले हुन आउने रकम पालिकाले थप हुने गरी अवकाश कोषको स्थापना गर्नु पर्ने व्यवस्था छ। पालिकाले उक्त कोष संचालन सम्बन्धी कुनै कानुनको व्यवस्था गरेको देखिदैन। आर्थिक वर्ष २०८१।०८२ मा संचित कोषमा निम्न बमोजिमको मौज्दात रहेको देखिएको छ।

विवरण	रकम रु.
यस वर्षको सुरु मौज्दात	२००००००
यस वर्षको आम्दानी/ खर्च	०
यस वर्षको अन्तिम मौज्दात	२००००००

१२ खरिद योजना

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ अनुसार सार्वजनिक निकायले खरिद गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नु पर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७(२) अनुसार सार्वजनिक निकायले एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागि खरिद गर्दा वा वार्षिक १० करोड रुपैया भन्दा बढी रकमको खरिद गर्दा नियम ७(२) अनुसार खरिदको प्रकार, परिमाण र मोटामोटी अनुमानित मूल्य, खरिद विधि लगायत व्यहोरा समावेश गरी खरिदको गुरु योजना तयार गर्नु पर्ने उल्लेख छ। त्यस्तै नियमावली, २०६४ को नियम ८ अनुसार सार्वजनिक निकायले वार्षिक दश लाख रुपैँयाँ भन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा बार्षिक खरिद योजना तयार गर्नु पर्ने उल्लेख छ। पालिकाले हरेक वर्ष सडक तथा सिँचाई लगायत कार्यक्रम कार्यान्वयन गर्न स्थानीय तहको स्रोत तथा प्रदेश र संघीय सरकारवाट बजेट प्राप्त गरी पटके रुपमा लागत अनुमान तयार गरी कार्यान्वयन गरेकोमा ऐन तथा नियमावलीमा व्यवस्था भए अनुसार खरिद गुरु योजना र बार्षिक खरिद योजना तयार गरेको देखिएन। पालिकाले एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागि खरिदको प्रकार, परिमाण र मोटामोटी अनुमानित लागत मूल्य, खरिद विधि, अनुदान मापदण्ड लगायत व्यहोरा समावेश गरी व्यवस्थित रुपमा योजना कार्यान्वयन हुने गरी खरिदको गुरु योजना तथा बार्षिक खरिद योजना समेत तयार गरी कार्यान्वयन गर्नु पर्दछ। विगत तिन वर्षको पुँजीगत तर्फको बजेट तथा खर्चको अवस्था निम्नानुसार रहेको छ।

क्र.सं.	विवरण	२०७९।८०		२०८०।८१		२०८१।८२	
		बजेट (रु.)	खर्च (रु.)	बजेट (रु.)	खर्च (रु.)	बजेट (रु.)	खर्च (रु.)
१	पुँजीगत खर्च	१८१९३७६००	१४२१४७९३२	१७४४८००००	१२४१९२४५४	१४०२०००००	९५५९९३७७

१३ **सहकारी व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)(ख) अनुसार स्थानीय तहको भौगोलिक क्षेत्रभित्र सञ्चालन हुने सहकारी संस्था सम्वन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वियन र नियमन गर्ने कार्य सम्वन्धित स्थानीय तहको हुने उल्लेख छ। पालिकावाट क्षेत्रधिकार भित्र रहेका सहकारी संस्थाको अवस्था सम्बन्धमा अनुगमन गरेको देखिएन। सहकारी सँस्थाको अभिलेख व्यवस्थापन, समयमा तोकेको प्रकृया अनुसार साधारण सभा सञ्चालन सम्बन्धमा आधारभूत नीति, नियम, कार्यविधि तर्जुमा र कार्यान्वियन गरी सहकारी सँस्थाको अनुगमन तथा व्यवस्थापन हुनु पर्दछ।

१४ **प्रदेश समपुरक**

लुम्बिनी प्रदेश र गाउँपालिकाको समान सहभागिता हुने गरी सानो बोगदिया अधुरो पि सि सि ढलानदेखि ठुलो बोगदिया हूँदै सानो सिपवा सम्म पि सि सि ढलान कार्य गर्नको लागि निम्नानुसार कुल रु.१,७०,००,०००.०० बजेट बाट रु. १,३६,४२,८११.०० लागत अनुमान तयार गरी २०८१।१२।३ मा २०८२।२।३२ सम्म निर्माण सम्पन्न गर्ने गरी हाइटेक कन्स्ट्रक्सनसँग रु.९०,४१,६९३.०० को निर्माण सम्झौता भई आर्थिक वर्ष २०८१।८२ को अन्त्यसम्म रु.२१,०६,९५०.०० कार्यको भुक्तानी भएको छ। कार्यपालिकाको २०८२।८।११ को निर्णयानुसार निर्माण सम्झौताको म्याद थप प्रकृया अघी बढाउने निर्णय गरे पश्चात योजना ढिलो सम्पन्न हुनुको कारण र प्रभाव विश्लेषण तथा पुर्व निर्धारित क्षतिपुर्ति वेगर २०८२।१२।३० सम्म म्याद थप भएको छ। खरिद प्रकृया ढिला गरी सम्झौता भएको, सम्झौताको अवधिमा समेत निर्माण व्यवसायीले कार्यसम्पन्न नगरेको तथा आर्थिक वर्ष २०८२।८३ मा सो योजनाको लागि प्रदेशबाट अनुदान प्राप्त नभएको कारण सम्झौता अनुसार सम्पन्न हुन बाँकी रहेको कार्यको दायित्व समेत पालिकाको सञ्चित कोषमा थप हुने देखिन्छ। पालिकाले समयमा खरिद प्रकृया गरी सम्झौताको अवधिमा निर्माण कार्य सम्पन्न गरी वित्तीय हस्तान्तरित अनुदानको उच्चतम उपयोग गर्नु पर्दछ। प्रदेश समपुरक अनुदानबाट कार्यान्वयनमा रहेको योजना सम्बन्धित आर्थिक वर्षमा सम्पन्न नभएको र आर्थिक वर्ष २०८२।८३ मा प्रदेशबाट बजेट प्राप्त नभएकोले गाउँपालिकाको सञ्चित कोषमा व्ययभार परेको छ।

क्र.सं.	स्रोत	बजेट रु.	आ.व. २०८१।८२ खर्च रु.	लागत अनुमान रु.	सम्झौता रु.	सम्झौता अनुसार बाँकी कार्य रु.
१	प्रदेश	७००००००	१०५३४७५	१३६४२८११	९०४१६९३	६९३४७४३
२	गाउँपालिका	७००००००	१०५३४७५			
	जम्मा	**१४००००००**	**२१०६९५०**	**१३६४२८११**	**९०४१६९३**	**६९३४७४३**

१५ **संगठन तथा व्यवस्थापन सर्भेक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने श्रोत समेत विश्लेषण गरी दरबन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरबन्दीको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी सभाबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । पालिकाको गाउँ सभाले आर्थिक वर्ष २०७८।७९ मा संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी गाउँ सभाको बैठकबाट गाउँ कार्यपालिकाको कार्यालयमा ५८ स्थायी तथा करारमा रहने गरी दरबन्दी संरचना स्वीकृत गरेको छ। पालिकामा हाल स्थायी ३१, करार तर्फ १५, ज्यालादारी १४ समेत गरी ६० जना कार्यरत रहेको विवरण पेश भएको छ । यो वर्ष कारार र ज्यालादारी

कर्मचारीको पारिश्रमिकमा वार्षिक रु.१,०३,४४,१३७.०० खर्च भुक्तानी गरेको छ । पालिकाले कानून अनुसार पुरा गर्नु पर्ने आर्थिक, सामाजिक, पूर्वाधार, सुशासन तथा अन्तर सम्वन्धित क्षेत्र लगायतका कार्य जिम्मेवारी पुरा हुने र कार्य सञ्चालन तथा प्रशासनिक खर्चमा मितव्ययि कायम हुने र प्रभावकारी सेवा प्रवाह हुने गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण हुनु पर्दछ।

१६ **तलबी प्रतिवेदन पारित नभएको**

निजामती सेवा ऐन,२०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं १८० मिति २०७६।५।१८ को परिपत्र (तलबी प्रतिवेदन सम्बन्धमा) को बुँदा नम्वर ४ मा स्थानीय तहका कर्मचारी र संघबाट काजमा स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले तलबी प्रतिवेदन पारित नगराई संघीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ३४ कर्मचारीको रु.२,५८,३०,९९२।०० र पालिकाका ३१ कर्मचारीको रु.२,०६,०६,८७२।०० समेत रु.४,६४,३७,८६४।०० तलब तथा भत्ता भुक्तानी गरेको छ । तलबी प्रतिवेदन पारित नगर्दा खर्च लेख्न पाउने भन्दा बढी ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१७ **वितरणमुखी कार्यक्रम**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ अनुसार स्थानीय तहले उच्च सरकारका नीति सँग मेल खाने गरी सुशासन, वातावरण, जलवायु, विपद, बालमैत्रीता तथा समावेशीकरणलाई समेटेर आवधिक र वार्षिक योजना बनाउनुपर्छ। त्यस्तै दफा २४(३) ले आर्थिक विकास, गरिबी निवारण, उत्पादनमूलक र छिटो प्रतिफल दिने, जीवनस्तर र रोजगारी बढाउने लगायतका कार्यक्रमहरुलाई प्राथमिकता दिनुपर्ने उल्लेख छ। यस वर्ष पालिका तथा वडा अन्तर्गत सञ्चालन भएका निम्न कार्यक्रमहरु ऐनमा व्यवस्था भए अनुसार प्रत्यक्ष रुपमा दीर्घकालीन रुपमा आर्थिक विकास, गरिबी निवारण, उत्पादनमूलक, छिटो प्रतिफल तथा रोजगारी वृद्धि हुने नभै वितरणमुखी रहेको देखियो । ऐनको व्यवस्था अनुसार आवश्यकता तथा औचित्यतामा आधारित रही बजेट तथा कार्यक्रम निर्धारण भई कार्यान्वयन हुने यकिन गरी सुबिधा प्राप्त गर्ने लाभग्राहीको नामनामेशी सहितको विवरण पालिकाको वेभसाइट मार्फत सार्वजनिक गर्नु पर्दछ।

गो. भौ. नं.	विवरण	खर्च रकम
४४।०८१।७।१२	वडा नं ७ मा लक्ष्मी पूजामा आर्थिक सहायता वितरण	१,३५,०००
५६।०८१।७।१३	वडा नं ६ मा दुर्गा पूजामा आर्थिक सहायता वितरण	१,००,०००
५९।०८१।७।१३	वडा नं २ सांस्कृतिक कार्यक्रममा आर्थिक सहयोग वितरण	१,५०,०००
७५।०८१।८।१०	वडा नं १ मा दशै तिहार छठ पर्वमा आर्थिक सहयोग वितरण	२,००,०००
१३९।०८१।९।८	वडा नं ४ मा दुर्गा पूजा तथा छठ पूजाको आर्थिक सहयोग वितरण	२,३५,०००
१४७।०८१।९।८	पालिकाबाट दुर्गा पूजा, लक्ष्मी पूजा, छठ पूजा आर्थिक सहायता वितरण अध्यक्ष/ उपाध्यक्षको सिफारिसमा	६,८२,०००
३७०।०८१।१२।२१	वडा नं ४ मा जेष्ठ नागरिक,एकल महिला, विधवा र अपाङ्गलाई कम्बल वितरण ३७५ थान	५,९९,९९६
३८७।०८२।१।२	वडा नं ३ मा जेष्ठ नागरिक,एकल महिला, विधवा र अपाङ्गलाई कम्बल वितरण २१७ थान	२,९३,०२५
३९२।९८२।१।४	गत वर्षको पेस्की फस्र्यौट अध्यक्ष/ उपाध्यक्षको तोक आदेश अनुसार पर्व पूजा आर्थिक सहायता वितरण	५,००,०००
४२३।०८२।१।१७	वडा नं ६ मा जेष्ठ नारिक तथा अपाङ्गलाई १६२ थान कम्बल वितरण	२,५९,१९८।
७४१।०८२।३।२०	जेष्ठ नागरिक, एकल महिला, विधुवा महिलाहरुलाई झुल वितरण ११२३ पीस	४,९९,७४०
६७७।०८२।३।१५	वडा नं २ मा इद पर्वको अवसरमा शुभकामना आदाप्रदान र विशेष खानपान कार्यक्रम खर्च	१,००,०००
६४७।०८२।३।१२	छठ, दुर्गा, माघी पूजा, इफ्तार लगायतका पर्वमा आर्थिक सहायता वितरण	३,९४,९५०
७००।०८२।३।१८	वडा नं ३ मा खेलकुद सामाग्री खरिद/ वितरण	९९,२२५
७७८।०८२।३।२३	वडा नं ३ मा दशै तिहार, छठ, इद लगायत पर्वको उपलक्ष्यमा आर्थिक सहायता वितरण	२,००,०००

१८ **आर्थिक सहायता वितरण**

पालिकाले आफ्नो क्षेत्र भित्रका गरिब, असहाय, विपन्न वर्गलाई आर्थिक सहायता वितरण सम्बन्धमा पालिकाले आर्थिक सहायता वितरण सम्बन्धि आर्थिक सहयाता कार्यबिधि,२०७९ तयार गरी लागु गरेको छ । पालिकाले विपन्न नागरिकहरुलाई स्वास्थ्य उपचार, दैविक प्रकोप तथा सास्कृतिक पर्व, महोत्सवहरुमा आर्थिक सहयोग वितरणमा गर्दा अध्यक्ष/उपाध्यक्षको तोक आदेश तथा कार्यपालिकाको निर्णयका आधारमा सामाजिक सुरक्षा तथा अन्य सामाजिक सहायता शीर्षकबाट यस वर्ष रु.३६,८९,६६८।०० आर्थिक सहायता वितरणमा खर्च गरेको छ । आर्थिक सहायता वितरण गर्दा वास्तविक गरिब तथा विपन्न वर्गको पहिचान गरेरमात्र उपलब्ध गराउनु पर्ने तथा आर्थिक सहायता प्राप्त गर्ने व्यक्ति र संघ सस्थाको नामनामेशी पालिकाको वेबसाइट मार्फत सार्वजनिक गर्नु पर्दछ । यसरी सहयाता वितरण गर्दा आफ्नो आन्तरिक आय समेत मध्यनजर गरी विकास निर्माण तथा उत्पादनमुलक कार्यका लागि रकम आभाव नहुने गरी आर्थिक साहयता वितरण हुनु पर्दछ ।

१९ **राजस्व अनुमान तथा प्राप्ति अवस्था**

पालिकाको निम्नानुसार शीर्षकमा आर्थिक वर्ष २०७९।८० मा रु.६२,८८,९१०.०० र २०८०।८१ मा रु.६५,२७,९२४.७८ आम्दानी प्राप्त गरेकोमा आर्थिक वर्ष २०८१।८२ को अनुमान रु.७०,००,०००.०० मध्ये रु.६८,४०,२४८.१७ प्राप्ति गरेको देखिन्छ।

सि.नं.	प्राप्तीको स्रोत	२०७९।८० को आम्दानी	२०८०।८१ को आम्दानी	२०८१।०८२ को अनुमान	२०८१।०८२ को आम्दानी
१	सम्पत्ति कर	८२४९८	४२४३१	१५००००	२१६२३.९
२	भुमिकर/मालपोत	७९६२२९	७०६५२९	१००००००	७९२३६४.३९
३	बहाल कर	५८१७३७	५८७९९३	३०००००	३६५२६१.२
४	व्यवसायीले भुक्तानी गर्ने	६८५०	४४५००	००	२५००
५	व्यवसाय बाहेक अन्य			५००००	००
६	कृषि तथा पशुजन्य व्यवसाय			००	४००
७	अन्य कर		७७	५०००००	२४८८५
८	सरकारी सम्पत्तिको बहाल		१७५००	१०२५०००	००
९	विद्युत सेवा शुल्क			००	४५०
१०	अन्य सेवा शुल्क			००	४५००
११	न्यायिक दस्तुर			००	४००
१२	परीक्षा शुल्क			००	१७३८५१
१३	अन्य प्रशासनिक सेवा शुल्क	९३०००	२३३०००	२५००००	१४५५००
१४	नक्सापास दस्तुर	३५५०	२३६६	१००००	२८३२१.३२
१५	सिफारिस दस्तुर	२९४२४७	५८८१७७	१००००००	७२११४२.१६
१६	व्यक्तिगत घटना दर्ता दस्तुर	३६१४००	३२८७००	६०००००	५००१५१
१७	नाता प्रमाणित दस्तुर			००	४९६५०
१८	अन्य दस्तुर	११०१८६९	२३८२९९९	१००००००	४८०३३०
१९	व्यवसाय रजिष्ट्रसन दस्तुर		६८०५०	१०००००	१४९६२०
२०	विद्युत दस्तुर			००	६६५०
२१	प्रशासनिक दण्ड जरिवाना जफत	१२३६३७४	९८४००३	५०००००	३३३१७०.९४
२२	अन्य राजश्व	१५२४३९६		२५००००	२२४८९९.७८
२३	व्यवसाय कर			१०००००	९६७००
२४	बेरुजु	२०६७६०	५४१६००	१६५०००	२७१७८७७.४४
	जम्मा	६२८८९१०	६५२७९२४.७८	७००००००	६८४०२४८.१७

१९.१ राजस्व दाखिला नभएको

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७(१) बमोजिम सरकारलाई प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोहि दिन र सोहि दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैंक दाखिला गर्नुपर्ने तथा सोही ऐनको दफा २८(२) बमोजिम आफ्नो जिम्मामा आएको सरकारी नगदी सोहि दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउन सक्ने व्यवस्था छ। पालिकामा कार्यरत सुरेन्द्र प्रसाद कुर्मीले २०८१।९।२५ देखि २०८१।११।०३ सम्म संकलन गरेको राजस्व आम्दानी रु.२.९७,६००.०० मध्ये रु.८४,६००.०० बैंक दाखिला हुनु बाँकी देखियो।

पालिकाले संकलन गरेको राजस्व समयमै बैंक दाखिला गर्न बाँकी रहेको सम्बन्धमा यथार्थ अवस्था पहिचान गरी बैंक दाखिला हुनु पर्ने रु. ८४,६००.०० र सोको १० प्रतिशतले हुन आउने ब्याज रु.८,४६०.०० समेत दाखिला गर्नु पर्ने रु.

असुल गर्नुपर्ने	९३,०६०

१९.२ **आन्तरिक आम्दानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलि, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले सेवा प्रवाह शुल्क तथा दस्तुर, सम्पत्ति कर, भूमिकर/ मालपोत, वहाल कर, वहाल विटौरी कर, माछा पोखरी आम्दानी, विज्ञापन कर, सवारी साधन कर (साना सवारी) लगायत आम्दानी प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको, राजस्वको लेखा र दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसवली राजस्वको लेखा राखे नराखेको निरीक्षण गरी सोको अभिलेख अद्यावधिक गर्न लगाउनु पर्ने व्यवस्था छ। पालिकाको आर्थिक वर्ष २०८१।८२ को राजस्वको अनुमान रु.७०,००,०००.०० मध्ये रु.६८,४०,२४८.१७ प्राप्त गरेकोमा नियमावलीमा व्यवस्था भए अनुसार पालिकाले प्रदान गर्ने सेवा प्रवाहसँग भिडान गरी सो अनुसार राजस्व प्राप्त भई समयमा दाखिला भएको सुनिश्चित हुने गरी मासिक रुपमा निरीक्षण गरेको देखिँदैन। पालिकाले आन्तरिक आम्दानीको प्रक्षेपण वस्तुपरक रुपमा यथार्थपरक हुने गरी निर्धारण गर्ने, नियममा भएको व्यवस्थाको पालना हुने गरी कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको, राजस्वको लेखा र दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सो को अभिलेख अद्यावधिक गर्न गराउनु पर्दछ।

२० **खर्चको बिल भरपाई**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले खर्चका विल भरपाई भुक्तानी गर्दा खर्च पुष्ट्याइ गर्ने आवश्यक प्रमाण कागजात संलग्न राख्नु पर्नेमा गोश्वरा भौचर नम्बर ३५६।०८१।१२।१५ बाट वडा नं ५ मा रहेको मझगावां स्वास्थ्य चौकी व्यवस्थापन खर्च वापत रु.२,००,०००।०० भुक्तानी गरेकोमा उक्त खर्चका विल भरपाई पेश नभएकोले पेश हुनु पर्ने रु.

प्रमाण पेश नगरेको	२,००,०००

२१ **भरपाईमा सहि नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले गो.भौ.नं. १८१।०८१।९।२२ बाट वडा नं २ मा संस्कृति संरक्षण अन्तर्गत छठ तथा दुर्गा पूजाका लागि आर्थिक सहायता वितरण गर्न रु.१,५०,०००।०० भुक्तानी गरेकोमा पेश भएका भरपाईहरु परीक्षण गर्दा तीन जनाको नामको रु.२५,०००। रकम बुझेको भरपाई लिष्टमा दस्तखत भएको नदेखिएकोले उक्त रकम सम्बन्धित वडा सचिवबाट असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२५,०००

२२ **प्रशासनिक प्रकृतिको कार्यको अनुगमन भत्ता**

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **२,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

२३ **महिला स्वयम् सेविका प्रोत्साहन**

महिला स्वयम् सेविका प्रोत्साहन नेपाल सरकार संघीय शशर्त चालु कार्यक्रमबाट महिला स्वयम् सेविकाहरुलाई यातायात खर्च र पोशाक खर्च वापत वार्षिक रु. २२,०००।०० उपलब्ध गराउदै आएको छ। पालिकाका बिभिन्न वडाहरुले वडा अन्तर्गतका कार्यक्रमबाट देहाय अनुसार प्रोत्साहन कार्यक्रम सञ्चालन गरेको देखियो । यसरी एउटै कार्यक्रमलाई संघ, पालिका र वडाबाट समेत छुट्टाछुट्टै रुपमा सेवा सुविधा वितरण गरिनुको सट्टा एकिकृत प्रणालीबाट सुविधा उपलब्ध गराउदा मितव्ययि र प्रभावकारी हुने भएकोले उस्तै प्रकृतिका कार्यक्रममा खर्च गर्ने प्रणालीमा नियन्त्रण गर्नु पर्दछ ।

गो. भौ. नं.	वडा नं	कार्यक्रमको विवरण	खर्च रकम
३८९।०८२।१।२	२	११ जनालाई नगद रु ९०००। का दरले यातायात प्रोत्सहन	१,००,०००।
४००।०८२।१।७	४	९ जनालाई नगद प्रोत्साहन रु ११०००। का दरले	९९,०००।
४३३।०८२।१।२१	७	११ जनालाई नगद प्रोत्साहन रु ११०००। का दरले	१,१०,०००।
४३२।०८२।१।२१	३	१२ जनालाई नगद प्रोत्साहन रु १२५००। का दरले	१,५०,०००।
५९५।०८२।३।५	६	१० जनालाई नगद प्रोत्साहन रु १००००। का दरले	१,००,०००।
५९९।०८२।३।५	५	१३ जनालाई नगद रु ४८००। र प्रमाणपत्र सहित वितरण	७५,०००।
६४८।०८२।३।१२	१	१७ जनालाई रु ५८८२। का दरले नगद वितरण	१,००,०००।

२४ **लाभग्राहिको समान सहभागिता**

पालिकाले आयोजनाको पहिचान, छनौट, प्राथमिकता निर्धारण र कार्यान्वियन पक्षमा सवैको समान पहुँच, स्वामित्वग्रहण, दिगोपना, सहभागिता, सामुहिक लाभ, पारदर्शीता र मितव्ययी रुपमा खरिद व्यवस्थापन हुने गरी उपयुक्त कार्यविधि तयार गरी लागु गर्नु पर्दछ। पालिका तथा वडाबाट उपलब्ध गराएको देहायका कार्यक्रमहरुमा लाभग्राही सवैको समान पहुँच, स्वामित्वग्रहण, दिगोपना, सहभागिता, पारदर्शीता र मितव्ययी रुपमा खरिद व्यवस्थापन हुने गरी उपयुक्त कार्यविधि तथा मापदण्ड तयार गरी लागु गरेको देखिदैन । उल्लेखित अवस्थाले पालिका तथा वडाबाट अनुदानमा उपलव्ध गराएका स्प्रे टंकी, कृषि कार्यका लागि आवश्यक मल,वीउँ, विजन वितरण गर्दा सवैको समान पहुँच, सहभागिता र पारदर्शीता कायम भएको विषयमा सुनिश्चित हुन सकिएन । अतः पालिकाले वितरणमुखी अनुदान कार्यक्रम कार्यान्वियन गर्दा उल्लेखित व्यहोरा समावेश हुने गरी मापदण्ड तथा कार्यविधि तयार गरी कार्यान्वियन गर्नु पर्दछ। साथै सामाग्रि पाउने लाभग्राहीहरुको नाम नामेशी सहितको विवरण पालिकाको वेभसाइट मार्फत सार्बजनिकरण गर्नु पर्दछ ।

गो. भौ. नं.	कार्यक्रम	वडा नं.	खर्च रकम
२६२।०८१।११।१२	बेमौसमी तरकारी सम्बन्धि तालिम र वीउँ विजन वितरण	पालिका	३,००,०००।
६२२।०८२।३।१०	व्यवसायिक तरकारी खेती तालिम र वीउँ विजन वितरण	१,३,४,५	४,,९७१००।
६३८।०८२।३।११	व्यवसायिक तरकारी खेती तालिम र वीउँ विजन तथा स्प्रे ट्याङ्की वितरण	५	४,९९,९६५

२५ **एम्बुलेन्स सेवाको आम्दानी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (१) मा स्थानीय तहले आफ्नो आय व्ययको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट गराउनु पर्ने र (२) कानुन बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखा परीक्षण गराउनुपर्ने व्यवस्था गरेको छ । पालिका अन्तर्गत मर्चवारी स्वास्थ्य सेवा केन्द्रमा १, वडा नं.१ मा रहेको स्वास्थ्य चौकीमा १ र वडा नं.५ माझँगाव स्वास्थ्य चौकीमा १ समेत ३ वटा एम्बुलेन्स सेवा सञ्चालनमा रहेकोमा ती एम्बुलेन्स सञ्चालनबाट प्राप्त आम्दानी तथा खर्चको यथार्त विवरण तथा आन्तरिक लेखापरीक्षण गराई त्यसको प्रतिवेदन प्राप्त गरेको देखिएन । अतः पालिका अन्तर्गत प्राप्त हुने जुनसुकै प्रकारको आम्दानी खर्चको करोवारको हिसाव किताव राख्ने र त्यसको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनु पर्दछ ।

२६ **लागत सहभागिता कट्टा नगरेको**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ (२) मा उपभोक्ता समितिबाट कार्य गराउने प्रयोजनका लागि सम्बन्धित काम वा सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समितिले व्यहोर्ने वा व्यहोर्नु पर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति आफैले प्रस्ताव पेश गर्न सक्ने व्यवस्था गरेको छ । पालिकाले गो.भौ.नं. ४५०।०८२।१।२५ बाट दक्षिण टोल बरहदवा पक्की नाली निर्माण कार्यको लागत अनुमान रु.४,३२,६४६। रहेकोमा पालिकाले रु.३,८६,९५२। र उपभोक्ता समितिले रु.४४,५२७।व्यहोर्ने गरी उपभोक्ता समिति सँग सम्झौता भएको देखियो । उपभोक्ता समितिले रु.४,३१,४७९।०० को कार्य सम्पन्न प्रतिवेदन पेश गरी विल भुक्तानी गर्दा सम्झौता अनुसार रु.४४,२९५। उपभोक्ता समितिले व्यहोर्ने रकम कट्टा नगरी पुरै विल भुक्तानी गरेको देखिएकोले उक्त रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गरी राजस्व दाखिला गर्नु पर्ने रु.

असुल गर्नुपर्ने	४४,२९५

२७ **इन्धन तथा सवारी साधन मर्मत खर्च**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ४ (१) (२) (३) र (४) मा पदाधिकारीहरुको यातायात सुविधा सम्बन्धी व्यवस्था छ। सो ऐनमा सवारी साधन उपलब्ध गराएको अवस्थामा अनुसूचिमा उल्लेख भए बमोजिमको इन्धन र मोबिल उपलब्ध गराउने उल्लेख छ। त्यस्तै कर्मचारीहरुको हकमा नेपाल सरकार अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०८१ को बुदा नं ४८ मा सवारी साधन तथा इन्धन सुविधा सम्बन्धि मापदण्डको व्यवस्था गरेको छ । पालिकाले सवारी साधन मर्मत तथा इन्धन प्रयोगका सम्बन्धमा निश्चित मापदण्ड तयार गरी लागु गर्नु पर्दछ । यस वर्ष सवारी साधन मर्मतमा रु.११,१४,५४०.०० र इन्धनमा पदाधिकारी तर्फ रु.११,४०,४८३.००, कार्यालय प्रयोजनमा रु.२०,००,०००.०० समेत रु.३१,४०,४८३.०० खर्च गरेको छ । पालिकाले मेशिनरी औजार तथा सवारी साधन मर्मत गर्दा महालेखापरीक्षकबाट स्वीकृत भएका म.ले.प. फारामहरु मर्मत आवेदन तथा आदेश फाराम ४१४, मर्मत सम्पन्न ४१४(क) र मर्मत अभिलेख खाता ४१५ व्यवस्थित रुपमा राखी प्रशासनिक खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

२८ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) बमोजिम स्वीकृत बजेट खर्च गर्दा नियमितता, कार्यदक्षता, मितव्ययिता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। पालिकाको स्थानीय सञ्चित कोष ब्यवस्थापन प्रणाली (SuTRA) को विवरण अनुसार विविध खर्चमा वडा र पालिकातर्फको समेत रु.९४,९४,६९४.०० खर्च भएको देखिन्छ । पालिकाले

विविध खर्च शीर्षकबाट विभिन्न कार्यक्रम, कार्यालय सामाग्रि खरिद, अन्य भैपरी आउने कार्यमा समेत यस शीर्षकबाट खर्च भएको देखिन्छ । यसबाट कार्यपालिका तथा विषगत समितिका बैठक,अथिति सत्कार र कार्यपालिकामा भएको खाजा, खाना, चिया लगायतमा भएको खर्च भनि उल्लेख गरेको छ। पालिकाले ऐन, निर्देशिका तथा वित्तीय क्षमताको परिधिभित्र रही विविध खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ।

२९ **खर्चको मापदण्ड**

अर्थ मन्त्रालयबाट जारी भएको कार्यसञ्चालन निर्देशिका २०८१ दफा ४३(१५)संग सम्बन्धित अनुसूचि ११ मा सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन सम्बन्धि खर्चको मापदण्ड सम्बन्धि व्यवस्था गरेको छ। मापदण्डमा सीप विकास तालिममा ७ कार्य दिनसम्मको तालिम कक्षागत रुपमा र ३० कार्य दिनभन्दा बढीको तालिमको हकमा मासिक रुपमा पारिश्रमिक तोक्नुपर्ने र पालिका स्तरमा मासिक १५०००।सम्म पारिश्रमिक दिन सकिने व्यवस्था गरेको छ। त्यस्तै कार्यपत्र वापत प्रति कार्यपत्र ५००। पाउने र सीपस्तरका आधारमा स्थानीय प्रचलनसमेतको बिचार गरी उल्लेखित अधिकतम सीमाभित्र तिनको पारिश्रमिक तोक्नु पर्ने उल्लेख छ। पालिकाले देहाय बमोजिमका सिप विकास सम्बन्धि तालिम सञ्चालन गरेकोमा प्रशिक्षकको पारिश्रमिक, मेशिन भाडा, हल भाडा भुक्तानी गर्दा स्थानीय प्रचनसमेतलाई विचार गरी अधिकतम सीमाभित्र तिनको दर निर्धारण गरी खर्च गर्नुपर्नेमा कुनै मापदण्ड, आधार बेगर खर्च भुक्तानी गरेको देखियो । स्थानीय स्तरको सीप तथा साधनश्रोतलाई अधिकतम परिचालन गरी मितव्ययि हुने गरी खर्चको मापदण्ड निर्धारण गर्नुपर्दछ ।

गो.भौ.नं.	तालिमको प्रकार	विवरण	खर्च रकम
		प्रशिक्षक भत्ता	६०,०००।
४०९।०८२।१।९	सिलाई कटाई तालिम दुइ महिने वडा नं १,	मेशिन भाडा १० सेटको	६०,०००।
		हल भाडा	३०,०००।
		प्रशिक्षक भत्ता	६०,०००।
		तालिम खर्च	४,९९,२००।
४४४।०८२।१।२३	किशोरीहरुलाई सिलाई कटाई तालिम दुइ महिने वडा नं ५	मेशिन भाडा	६०,०००।
		हल भाडा	३०,०००।
		तालिम खर्च	५,००,०००।
५९७।०८२।३।५	कम्प्युटर तालिम दुइ महिने	स्टार अर्थिङ एजुकेशन कन्सल्टेन्सी मार्फत	५,००,०००।

३० **प्रशासनिक खर्चको तुलना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्वीकृत भएको बजेट दफा ७३(६) अनुसार प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। पालिकाको २०८१।८२ को चालु खर्च रु.११,१९,१२,०७६।०० रहेकोमा निम्नानुसार खर्च शीर्षकमा भएको आर्थिक वर्ष २०७९।८० देखि २०८१।८२ सम्मको खर्चको अवस्था निम्नानुसार रहेको छ।

क्र.सं.	खर्च शीर्षक र आर्थिक वर्ष	२०७९।८०	२०८०।८१	२०८१।८२
१	पानी तथा बिजुली	६४९७४५	५५५९३०	७५९९३७
२	अनुगमन मुल्याङ्कन तथा भ्रमण खर्च	१९४७०८०	१६९४८१७	२४७३२१७
३	कर्मचारी प्रोत्साहन तथा पुरस्कार	१७७१४९१	०	२८७१५०४
५	कर्मचारी बैठक भत्ता	२७७२६०	३४९५५०	२९४०००
६	पदाधिकारी बैठक भत्ता	३२९५००	६९७०९०	६२६०००
६	विविध	१२६६०८५७	१,००,६२,६६६	९४९४६९४
७	पदाधिकारी सुविधा	७५७१५००	७५,४७,०००	७४८७०००
८	मसलन्द तथा कार्यालय सामाग्री	१४९३८७९	३६२८७१६	३६१४९११
१०	पत्रपत्रिका, छपाइ तथा सूचना प्रकाशन	१८४५९१९	१००००००	१४६६१७५
११	इन्धन	३२४१३२४	२७,८६,२९५	३१४०४८३
१२	सवारी साधन मर्मत खर्च	१७४८९९४	९८६८१४	२५,००,०००
१३	सभा सञ्चालन खर्च	०	५०००००	७१७६९५

३१ सुविधा सार्वजनिकरण

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ को दफा १५ अनुसार पदाधिकारी तथा सदस्यले यस ऐन बमोजिम प्राप्त गरेका सुविधाहरुको विवरण तीन-तीन महिनामा समबन्धित स्थानीय तहले सार्वजनिक गर्नु पर्ने व्यवस्था गरेको छ। पालिकाले यस वर्ष स्थानीय तहका पदाधिकारी तथा सदस्यलाई निम्नानुसार सुविधा भुक्तानी गरेकोमा तीन-तीन महिनामा खर्च सार्वजनिक गरेको देखिँदैन। ऐनको दफामा भएको व्यवस्था अनुसार पदाधिकारीले प्राप्त गरेको सेवा सुविधा तीन-तीन महिनामा सार्वजनिक गर्नु पर्दछ।

३२ फर्स्यौट बाँकी पेश्की

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४८ बमोजिम भ्रमण कार्य पुरा गरेको १५ दिनभित्र भ्रमण प्रतिवेदन सहित फाँटवारी पेश गरी भ्रमण पेस्की फर्स्यौट गर्नु पर्ने, नियम ४९ अनुसार मालसामान खरिद गरी कार्यालयमा फर्केको एक्काईस दिनभित्र मालसामान सहित बिल, भरपाई पेश गरी मालसामान खरिद पेस्की फर्स्यौट गर्नु पर्ने र नियम ५० अनुसार कर्मचारी बाहेकलाई पेस्की उपलब्ध गराउदा बैंक जमानत लिई पेस्की दिने र सम्झौताको शर्त अनुसार भुक्तानी भएको पेस्की फर्स्यौट गर्नु पर्ने व्यवस्था रहेको छ। आर्थिक वर्ष २०८१।८२ को अन्त्यसम्म गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा समावेश भएको विद्युत प्राधिकरणको रु.१,५०,००,०००.०० र बाँकी व्यक्तिगत पेश्की रु.७,५०,०००.०० समेत रु.१,५७,५०,०००.०० नियमावली तथा सम्झौतामा समावेश शर्त अनुसार फर्स्यौट गर्नु पर्दछ। आर्थिक वर्षको अन्त्यसम्म म्याद नाघेको आर्थिक वर्ष २०८१।८२ को पेस्की नियमानुसार फर्स्यौट गर्नु पर्ने रु.

क.सं.	पेस्की लिनेको नाम	कामको विवरण	पेस्की मिति	पेस्की रकम
१	मनोसामाजिक कार्यकर्ता सुरेन्द्र प्रसाद कुर्मी	सुत्रमा आधारित राजस्व प्रशासन सुधार अभिमुखिकरण तालिम	०८१।८।२४	१५००००
२	कार्यालय सहयोगी राकेश पाण्डेय	कृषिक सुमहका पदाधिकारीहरुलाई अध्ययन अवलोकन भ्रमण	०८२।३।१३	३०००००
३	नायव सुब्बा हंसराज थारु चौधरी	विभिन्न कर्मचारी तथा पदाधिकारी तालिम खर्च	०८२।३।२२	३०००००
४	विद्युत प्राधिकरण भैरहवा	अन्य सार्वजनिक निर्माण	गत वर्षको पेस्की	१५००००००
		जम्मा		**१५७५००००**

पेश्की	७,५०,०००

३३ **अनुगमन तथा भ्रमण खर्च**

भ्रमण खर्च नियमावली, २०६४ को नियम ४ मा भ्रमण किफायती हुनुपर्ने, नियम १८ मा भ्रमण सम्बन्धी बिल भरपाईहरु र नियम २१ मा भ्रमण अभिलेख राख्नु पर्ने व्यवस्था गरेको छ। पालिकाले यो वर्ष दैनिक भ्रमण खर्चमा रु.१५,९३,२१७.०० र अनुगमन तथा मूल्याङ्कन खर्च शीर्षकमा रु.८,८०,०००।०० समेत जम्मा रु.२४७३२१७।०० खर्च गरेको छ। भ्रमण आदेश र संलग्न भएका बिल भरपाईहरु नमूना छनौट गरी परीक्षण गर्दा भ्रमणको उदेश्य स्पष्ट हुने नगरेको तथा भ्रमण प्रतिवेदन पूर्ण रुपमा पेश हुने नगरेको लगायतका कैफियत देखिएकोले भ्रमण प्रतिवेदन अनिवार्य रुपमा समावेश गरी उद्वेश्य वेगरको भ्रमण खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ।

३४ **अध्ययन अवलोकन भ्रमण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले नेपाल सरकार तथा प्रदेश सरकारले बनाएको नीति, लक्ष्य, उद्देश्य, समयसिमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्रीता, जलवायु अनुकूलन, विपद् व्यवस्थापन तथा लैङ्गिक-सामाजिक समावेशीकरणलाई ध्यानमा राखेर आवधिक, वार्षिक, रणनीतिगत, विषयगत मध्यकालिन र दीर्घकालीन योजनाहरू तयार गरी कार्यान्वियन गर्नुपर्छ। साथै दफा २४(३) अनुसार योजना निर्माण गर्दा आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने, उत्पादनमूलक र छिटो प्रतिफल दिन सक्ने जस्ता योजनाहरु छनौट गर्नुपर्नेमा पालिकाले उल्लेखित अवस्थाका अतिरिक्त केहि कार्यक्रम न्यायिक समित, वडा तर्फका जन-प्रतिनिधि र कर्मचारीको क्षमता अभिबृद्धि तथा अध्ययन अवलोकन भ्रमण सम्बन्धि कार्यक्रम समावेश गरी कार्यान्वियन गरेको देखियो। उक्त अवलोकन भ्रमणबाट पालिकालाई दिर्घकालिन तथा प्रत्यक्ष लाभ हुने नदेखिएकोले यस प्रकारको खर्चको प्रभावकारिता विश्लेषण गरी पालिकाले यस्ता भ्रमण कार्यक्रमहरु आवश्यकता र औचित्यतामा आधारित रहि मापदण्ड तयार गरी खर्च गर्नु पर्दछ।

गो.भौ.नं.	विवरण	भ्रमण स्थान	खर्च रकम
६११।०८२।३।१०	पालिकाका जन प्रतिनधि, कर्मचारी, नागरिक समाज लगायत ५० जना अध्ययन अवलोकन भ्रमण	मकवानपुर, जनकपुर र विरगञ्ज अन्तर्गतका स्थान	४,९६,०००
६४१। ०८२।३। १२	वडा नं ४ जनप्रतिनिधि र कर्मचारी समेत २६ जनाको अवलोकन भ्रमण	मुक्तिनाथ, पोखरा, पाल्पा	२,९९,६९०
७३९। ०८२।३। १८	वडा नं ६ जनप्रतिनिधि र कर्मचारी समेत २५ जनाको अवलोकन भ्रमण	स्याङ्जा, पोखरा, मनकामना	३,९६,५०४
७५८। ०८२।३। २२	वडा नं २ जनप्रतिनिध र कर्मचारी समेत ८ जनाको अवलोकन भ्रमण	मुक्तिनाथ, स्वर्गद्धारी	१,४९,७८५

३५ **परामर्श सेवा खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२ अनुसार रु. २० लाख भन्दा कम रकमको परामर्श सेवा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६क बमोजिमको मौजुदा सूचीमा रहेका परामर्शदाता मध्ये उपनियम २ अनुसार तिन देखि छ वटा परामर्शदातालाई प्रस्ताव सम्बन्धी कागजात पठाई प्राविधिक र आर्थिक प्रस्ताव माग गरी उपनियम ३ अनुसार गुणस्तर र लागत विधि अनुसार प्रस्ताव मूल्याङ्कन गरी खरिद गर्न सक्नेउल्लेख छ। पालिकाले निम्नानुसार सेवा प्रवाहसँग सम्बन्धित कार्यको लागि परामर्श सेवाबाट अध्ययन गराई प्रदिवेदन प्राप्त गरेको छ। प्राप्त प्रतिवेदनमा समावेश बेहोरा कार्यान्वयन गरी पालिकाले उपलब्ध गराउने सेवा प्रवाहलाई प्रभावकारी गराउनु पर्दछ।

क्र.सं.	परामर्श सेवाको विवरण	कुल खर्च रु	उपयोग तथा कार्यान्वियन अवस्था
१	जेसी अडिट	१८५०००	कार्यान्वियनमा रहेको
२	मध्यमकालीन खर्च संरचना अध्यावधिक	२९१५००	कार्यान्वियनमा रहेको
३	सामाजिक परीक्षण	२३३९००	कार्यान्वियनमा रहेको
४	दिगो विकास लक्ष्यहरुको स्थानीयकरण	४८३६००	कार्यान्वियनमा रहेको
५	विपद पुर्व तयारी तथा प्रतिकार्य योजना	४८२५००	कार्यान्वियनमा रहेको

३६ **अध्ययन प्रतिवेदन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३(१(क)) अनुसार खरिद आवश्यकताको पहिचान गर्नु पर्ने र सोही नियमावलीको नियम ७१ अनुसार रु.२० लाख भन्दा कम लागत अनुमान भएको कार्यको लागि प्रस्ताव माग गरी परामर्श सेवा खरिद गर्ने व्यवस्था रहेको छ। परामर्श सेवा खरिद पश्चात उपलब्ध भएको प्रतिवेदनको कार्यान्वयन सुनिश्चितता समेत हुनु पर्दछ। आर्थिक वर्ष २०८१।८२ मा पालिकाले निम्नानुसार लागत अनुमानकै हाराहारीमा सम्झौता गरी परामर्श सेवामा रु. २९,७६,५३३.०० खर्च गरेको अवस्था रहेको छ। परामर्श सेवा खर्च र सोबाट प्राप्त प्रतिवेदन सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार रहेको छ।

क्र.सं.	कार्य	बजेट	परामर्श दाता	खर्च
१	प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन	१००००००	सार्प रिसर्च सेन्टर प्रा.लि.	९८४९०८
२	५० शैया अस्पताल निर्माण गर्न डी.पि.आर. निर्माण	२००००००	एस. एस. एस. इन्जिनियरिङ्ग सर्विसेज प्रा.लि.	१९९१६२५
	जम्मा	**३०००००**		**२९७६५३३**

३६.१ पालिकाले सम्झौता अनुसार सार्प रिसर्च सेन्टर प्रा.लि.लाई गोश्वारा भौचर नं. ४४८।०८२।१।२५ बाट रु.९,८४,९०८.०० भुक्तानी गरी आर्थिक वर्ष २०८१।८२ र २०८२।८३ को लागि पालिका क्षेत्रमा बहने दानव र तिनाउ नदिको नदिजन्य पदार्थ उत्खनन तथा संकलन गर्ने कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गरेको छ। प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन अनुसार दानव र तिनाउ नदिका ११ वटा घाटबाट वार्षिक १८७३५६८.२५ घनफुट नदिजन्य पदार्थ उत्खनन तथा संकलन गर्न सकिने र प्रदेश सरकारले निर्धारण गरेको राजस्वको दर प्रतिघनफुट रु. ८ को दरले मूल्य अभिवृद्धि कर बाहेक रु.१,४९,८८,५४६.०० प्राप्त गर्न सक्ने अनुमान गरेको छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको आधारमा आय ठेक्का व्यवस्थापन नगरेकोले नदिजन्य पदार्थ उत्खनन तथा संकलन गरी बिक्रीबाट प्राप्त हुनु पर्ने रु. रु.१,४९,८८,५४६.०० प्राप्त नभएकोले समयमा अध्ययन कार्यसम्पन्न गरी आयठेक्का व्यवस्थापन गर्नु पर्दछ।

३६.२ पालिकाले गोश्वारा भौचर नं. १८६।०८२।३।२५ बाट एस. एस. एस. इन्जिनियरिङ्ग सर्विसेज प्रा.लि. बाट गाउँपालिकामा ५० शैया अस्पताल निर्माण गर्न विस्तृत परियोजना प्रतिवेदन तयार गरेबापत रु.१९,९१,६२५.०० भुक्तानी गरेको देखियो। गाउँपालिकाबाट १८ किलोमिटरको दुरीमा जिल्ला स्तरिय भीम अस्पताल, ४० किलोमिटर दुरीमा प्रदेश स्तरको प्रदेश अस्पताल र पालिकामा १ वर्थिङ्ग सेन्टर सहितको ७ स्वास्थ्य संस्था तथा आधारभुत स्वास्थ्य सेवा केन्द्र भएको अवस्थामा पचास शैया अस्पताल सञ्चालन तथा निर्माण गर्नको लागि विस्तृत परियोजना प्रतिवेदनमा रु.१९,९१,६२५.०० खर्च गरेको देखियो। पालिकाले ५० शैया अस्पतालको

भौतिक संरचना निर्माण गर्न लाग्ने लागत तथा निर्माण पश्चात सञ्चालन गर्न लाग्ने लागत र जनशक्ति व्यवस्थापनको सुनिश्चितता हुने प्रमाण पेश गर्नु पर्ने रु.

प्रमाण पेश नगरेको	१९,९१,६२५

३७ **खानेपानी तथा सिँचाई आयोजना**

लुम्बिनी प्रदेशबाट प्राप्त हुने सर्त सहितका कार्यक्रम कार्यान्वयन गर्दा प्रदेशबाट जारी विशेष अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ को बुँदा नं. ६ अनुसार आवश्यकता र औचित्यको आधारमा शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवा एवं आकस्मिक कार्यसँग सम्बन्धित र पिछडिएको वर्ग तथा समुदायको आर्थिक, सामाजिक विकासमा सघाउ पर्‍याउने आयोजना तथा कार्यक्रम छनौट गर्ने पर्ने र सोको कार्यान्वयन ऐ. कार्यविधिको बुँदा नं. १० अनुसार मितव्ययी र पारदर्शी किसिमले गर्नु पर्ने उल्लेख छ। त्यस्तै गाउँपालिकाले आफ्नै बजेट बाट कार्यान्वयन गर्ने अनुदानमा आधारित रहने कार्यक्रमको सम्बन्धमा आयोजनाको पहिचान, छनौट, प्राथमिकता निर्धारण र कार्यान्वयन पक्षमा सवैको समान पहुँच, स्वामित्वग्रहण, दिगोपना, सहभागिता, सामुहिक लाभ, पारदर्शीता र मितव्ययी रुपमा खरिद व्यवस्थापन हुने गरी उपयुक्त कार्यविधि तयार गरी लागु गर्नु पर्दछ। पालिकाले प्रदेश तथा पालिकाको बजेटबाट उपभोक्ता समिति तथा सिलबन्दी दरभाउपत्र मार्फत खरिद गरि वितरण भएको अनुदानमा आधारित कार्यक्रमको कार्यान्वयन गर्दा आयोजनाको पहिचान, छनौट, प्राथमिकता निर्धारण र कार्यान्वयन पक्षमा सवैको समान पहुँच, स्वामित्वग्रहण, दिगोपना, सहभागिता, सामुहिक लाभ, पारदर्शीता र मितव्ययी रुपमा खरिद व्यवस्थापन हुने गरी उपयुक्त कार्यविधि तयार गरी लागु गरेको देखिदैन। पालिकाले अनुदानमा उपलव्ध गराएका सिँचाई तथा खानेपानीको लागि वितरण तथा जडान गर्ने हेण्ड पम्प कार्यक्रमको लागि योजना तथा लाभग्राहीको पहिचान, छनौट, प्राथमिकता निर्धारण र कार्यान्वयन पक्षमा सवैको समान पहुँच, स्वामित्वग्रहण, दिगोपना, सहभागिता, सामुहिक लाभ तथा पारदर्शीता कायम हुने सुनिश्चितता सहितको मापदण्ड तथा कार्यविधि तयार गरी निर्धारित योजना कार्यान्वयन गर्दा सुविधाजनक र प्रतिस्पर्धात्मक प्याकेज तयार गरी मितव्ययी खरिद व्यवस्थापन भएको आश्वस्त हुनु पर्दछ।

क्र.सं.	संकेत तथा गोश्वारा भौचर नं.	स्रोत	कार्यक्रमको नाम	निर्माण व्यवसायी	बजेट	लागत अनुमान	सम्झौता तथा सम्पन्न कार्य	भुक्तानी	घटी/ जनश्रमदान प्रतिशत	वितरण सँख्या
१	२। ०८१। ८२ सिलवन्दी	प्रदेश सशर्त	स्वस्च्छ खानेपानीका लागी हेण्डपाइप जडान	न्यू अजय निर्माण सेवा	१५०००००	१४७०२७३	१०७०४३३	१०७०४३३	२७	३५
२	९। ०८१। ८२ सिलवन्दी	प्रदेश सशर्त	साना सिंचाइ कार्यक्रम ४ इन्च बोर जडान स्यालो ट्यूवेल (भेरियशन समेत)	उसा निर्माण सेवा	१००००००	९८२५९६	५६९६२६	१०४१५७९	४२	३६
३	२। ०८१। ६।२१	वडा नं.५	प्रत्येकटोलमा कृषिको लागि बोर जडान	उपभोक्ता समिति	९०००००	११४२४११	११००७६०	८४११३५	२४	३४
४	४४। ०८२। २।६	वडा नं. २	सबै टोलमा ह्याण्ड पाइप / आर्टिजन जडान	उपभोक्ता समिति	१००००००	११४५६०४	१४५७१८६	९४९०६०	३५	३५
५	६९। ०८२। ३।१०	वडा नं. २	सिंचाई बोर जडान / ह्याण्ड पाईप जडान	उपभोक्ता समिति	१००००००	११४१८९२	१५०५३१७	९७००००	३६	१०
६	१३७। ०८२। ३।२२	वडा नं. २	सबै टोलमा बोर वा हैण्डपाइप निर्माण	उपभोक्ता समिति	५०००००	७६०८४२	७५२२६६	४७६४२३	३७	१९
७	१६८। ०८२। ३।२४	वडा नं. २	ह्याण्ड पाइप जडान	उपभोक्ता समिति	६०००००	९९२९९९	८७१५९७	५२२००३	४०	२६
८	११५। ०८२। ३।२०	वडा नं. ४	बोर जडान प्रत्येक टोलमा	उपभोक्ता समिति	१००००००	१४८०७३६	१५१९५५२	९७००००	३६	१६
९	८३। ०८२। ३।१३	वडा नं. ४	प्रत्येक टोलमा ह्यान्ड पाइप जडान	उपभोक्ता समिति	५०००००	५७२६६०	७६४८८३	४७२४०८	३८	२९
१०	१८४। ०८२। ३।२४	वडा नं. ५	बोरिङ्ग जडान	उपभोक्ता समिति	१००००००	१३२५८४०	११०५२२७	८०८५९२	२७	३४
११	१३४। ०८२। ३।२२	वडा नं. ६	बोरिङ्ग जडान	उपभोक्ता समिति	२५०००००	३३६२१९२	३२६३१००	२३२५९०८	२९	१०९
१२	१५७। ०८२। ३।२४	वडा नं. ६	ह्याण्डपाइप जडान	उपभोक्ता समिति	१००००००	१५२५०३१	१२०९४४५	६५४४१३	४६	४०
१३	५६। ०८२। ३।३	वडा नं. ६	ह्यान्ड पाइप जडान	उपभोक्ता समिति	१००००००	१६४४५१४	१६४४१८८	९६९८०६	४१	५६
१४	१८२। ०८२। ३।२४	वडा नं. ७	ह्याण्ड पाइप	उपभोक्ता समिति	७५००००	११७१५५८	११४८४७१	७०४४१२	३९	३८

३८ **हेल्थ पोष्ट निर्माण**

संघीय सरकारबाट विषेश अनुदान तर्फ वडा नं. १ हेल्थ पोष्ट निर्माण गर्न यस वर्ष रु. ८० लाख बजेट विनियोजन भएको छ। पालिकाले रु.८७,२०,५०३.०० लागत अनुमान भएको वडा नं. १ हेल्थ पोष्ट निर्माण गर्न बोलपत्र आह्वान गरी सारभुत रुपमा घटी कबोलकर्ता ए.आर. बिल्डर्स एण्ड सप्लायर्ससँग २०८२।१।१४ देखि २०८२।३।१५ सम्म निर्माण अवधि रहने गरी रु.६१,८०,८१९.०० को सम्झौता भई आर्थिक वर्षको अन्त्यसम्म रु.४६,५९,७४५.०० भुक्तानी भएको छ। कार्यपालिकाको २०८२।८।११ को निर्णयानुसार निर्माण सम्झौताको म्याद थप प्रकृया अघी बढाउने

निर्णय गरे पश्चात प्रमुख प्रशासकीय अधिकृतबाट २०८२।१२।३० सम्म म्याद थप भएको छ। खरिद प्रकृया ढिला गरी सम्झौता भएको, सम्झौताको अवधिमा समेत निर्माण व्यवसायीले कार्यसम्पन्न नगरेको तथा आर्थिक वर्ष २०८२।८३ मा सो योजनाको लागि संघीय अनुदान प्राप्त नभएको कारण सम्झौता अनुसार सम्पन्न हुन बाँकी रहेको कार्यको दायित्व समेत पालिकाको सञ्चित कोषमा थप हुने देखिन्छ। पालिकाले समयमा खरिद प्रकृया गरी सम्झौताको अवधिमा निर्माण कार्य सम्पन्न गरी संघीय अनुदानको उच्चतम उपयोग गर्नु पर्दछ।

३९ **उपभोक्ता समितिको कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) अनुसार निर्माण कार्य सम्पन्न भए पश्चात सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी तोकि आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्ने गरी सोही नियमावलीको नियम ९७(१) अनुसार एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिवाट गराउन सकिने, बीस लाख रुपैयाँसम्म लागत अनुमान भएमा सिलबन्दी दरभाउपत्र र बीसलाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएमा नियम ३१ अनुसार खुल्ला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ। साथै बोलपत्र आव्हान गरी खरिद गर्दा सम्झौताको शर्तमा सम्झौता अनुसार सम्पन्न भएको कार्यमा एक वर्षभित्र कुनै त्रुटी देखिएमा सो समेतको दायित्व वहन गर्नु पर्ने गरी कार्यसम्पादन जमानत लिई जिम्मेवार बनाउने व्यवस्था रहेको छ। पालिकाले बोलपत्र आव्हान गरी ठेक्का व्यवस्थापन गरी ४२ प्रतिशतसम्म घटीमा सम्झौता भई कार्यसम्पन्न भएकोमा र उपभोक्ता समितिबाट कार्य गराउदा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुमा बाहेक अन्यमा मूल्य अभिवृद्धि कर समावेश नगरेको, ओभरहेड समावेश नगरेको र न्यूनमत १० प्रतिशतसम्म जनश्रमदान समेत कट्टा गरेको तर निर्माण कार्य सम्पन्न भए पश्चात सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी तोकि आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिंदैन। नियममा भएको व्यवस्थाको पालना हुनु पर्दछ।

उपभोक्ता समितिबाट		**निर्माण व्यवसायीबाट**	
संख्या	रकम(रु.)	संख्या	रकम(रु.)
१६३	७४६३४७१६	९	११०९३६७६

४० **उपभोक्ता समितिलाई बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) अनुसार एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिवाट गराउन वा प्राप्त गर्न सक्ने, नियम ९७(५) अनुसार उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल, भरपाई र खर्च प्रमाणीत गर्ने अन्य कागजात समितिको बैठकवाट अनुमोदन गराइ नियम ९७(७) अनुसार सामाजिक लेखापरीक्षण समेत गराई सार्वजनिक निकायमा पेश गर्नु पर्ने उल्लेख छ। पालिकाले निम्नानुसार (लेखापरीक्षणमा छनौट गरिएका) निर्माण कार्य गर्दा उपभोक्ता समितिवाट सम्पादन गरेको कार्यमा प्रयोग हुने नर्म्स अनुसारको इटा र सरियाको लागत अनुमानमा समावेश दर भन्दा घटी खरिद दरमा विल भरपाई पेश भएको आधारमा निम्नानुसार बढी भुक्तानी भएको छ। पालिकाले खरिद विलमा स्वीकृत भएको जिल्ला दररेट, ढुवानी र लोड अनलोड जस्ता विषय समावेश भए नभएको खुल्ने प्रमाण भए पेश गर्नु पर्ने अन्यथा जिल्ला दररेट अनुसार भुक्तानी भएकोले उपभोक्ता समितिले पेश गरेको विजक भन्दा बढी भुक्तानी सम्वन्धमा एकिन गरी असुल गर्नु पर्ने रु.

क्र.सं.	योजनाको नाम	लागत अनुमान	सम्पन्न कार्य	कुल भुक्तानी रकम	सामान/कामको विवरण	जनश्रमदान पश्चात बढी भुक्तानी
१	श्री कटया प्रा.वि. भवन निर्माण	७०११८८१	६९८१३८७	५४७५८००	इट्टाको १०४ घनमिटर गारो लगाउने कार्य १:६ रेशियोमा इट्टाको मुल्य ढुवानी समेत रु.१४.४६ को दरले भुक्तानी र मूल्य अभिवृद्धि कर मूअकर विजक अनुसार भुक्तानी गरेको र उपभोक्ताले प्रति इट्टा रु.१२ का दरले खरिद गरेको विजक पेश गरेको छ। प्रति घनमिटर ५३० का दरले ५५१२० इट्टाको प्रति इट्टा रु.२.४६ का दरले बढी भुक्तानी जनश्रमदान २१.५६ प्रतिशत कट्टी गरी	१०६३६०

प्रमाण पेश नगरेको	१,०६,३६०

४१ **स्थानिय तहमा उत्तर प्रसूति घरभेट (PNC)**

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४२ **स्वास्थ्य सम्बन्धी भएका अन्य कार्यक्रमहरु**

आर्थिक वर्ष २०८१।०८२ मा प्रदेशबाट सञ्चालन गरिन स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका क्रियाकलापहरु संचालन सम्बन्धी मार्गदर्शनमा उल्लेख भए बमोजिम पालिकाले सञ्चालन गरेका प्रमुख कार्यक्रम र उपलब्धि निम्म बमोजिमको रहेको छ।

क्र.सं.	कार्यक्रम	बजेट	प्रगति (जना)	कैफियत
१	पोषण कार्यक्रम (भिटामिन ए कार्यक्रम र जुकाको औषधि)	५७६०००	३०	६-१० महिनाका बालबालिका
			४०९	१२-५९ महिनाका बालबालिका
			४४३	१२-५९ महिनाका बालबालिका

४३ **औषधि खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ अनुसार खरिदको आवश्यकता, विवरण, परिमाण र क्षेत्र, खरिद योजना, लागत अनुमान, खरिद प्रकृया लगायत बेहोरा सहित खरिद कारबाहीको तयारी गर्नु पर्ने व्यवस्था रहेको छ। त्यस्तै औषधिजन्य मालसामान, एक्सरे, इसिजी, रोगको निदान तथा उपचारको लागि प्रयोग हुने स्वास्थ्य सम्बन्धी उपकरण खरिद गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) अनुसार २५ लाख रुपैयाँसम्म सोझै खरिद, नियम ८४(१क) अनुसार पचास लाख रुपैयाँसम्म सिलवन्दी दरभाउपत्र र सो भन्दा बढी भएमा नियम ३१ अनुसार बोलपत्र आह्वान गरी खरिद गर्न सकिने उल्लेख छ। पालिकाले आर्थिक वर्ष २०८१।०८२ मा वर्षभर आवश्यक हुने औषधि खरिदका लागि वार्षिक अनुमान बनाएको देखिदैन । पालिकाले खरिदका समय उपलब्ध बजेटका आधारमा २ किस्तामा औषधि खरिद गरेको अवस्था छ । सो कार्यका लागि अन्तरसरकारी वित्तीय हस्तान्तर तर्फबाट रु.२५,००,०००।०० र संघिय सशर्त अनुदान तर्फ रु.११,५७,०००।०० गरी कुल रु.३६,५७,०००.०० बजेट विनियोजन गरी पहिलो चरणमा अन्तरसरकारी वित्तीय हस्तान्तरबाट २०८१ असोज १२ गते लुम्बिनी राष्ट्रिय दैनिक पत्रिकामा CUREX PHARMACETICALS PVT. LTD ले सार्वजनिक जानकारीको लागि प्रकाशन गरेको मुल्य सुचीका आधारमा त्यस कम्पनीको आधिकारिक विक्रेतासंग ३३ प्रकारका औषधिजन्य मालसामान रु.१९,९९,९२०.०० र संघिय सशर्त अनुदानबाट समुन्द्र मेडिको फर्मासंग ३८ प्रकारका औषधि रु. ९,५१,७६०.०० गरी आर्थिक वर्ष २०८१।०८२ मा कुल रु. २९,५१,६८०.०० औषधि खरिद गरेको अवस्था रहेको छ। पालिकाले वर्षभर आवश्यक औषधिको सही आँकलन गरी मितव्ययिता तथा प्रभावकारिता समेतलाई मध्यनजर गर्दै प्रतिस्पर्धात्मक विधिको प्रयोग सुनिश्चित हुने गरी खरिद कार्य गर्नुपर्दछ।

क्र.सं.	विवरण	औषधी प्रकार	बजेट तथा लागत रकम रु.	-	-	खरिद विधि
१	वार्षिक अनुमान	-	नभएको	-	-	-
२	बजेट (संघिय सशर्त)	३८	११,५७,000.00	-	-	-
३	बजेट (अन्तरसरकारी वित्तीय हस्तान्तरण)	-	२५,00,000.00	-	-	-
	जम्मा बजेट		३६,५७,000.00			
४	**कार्यान्वयन**		**लागत अनुमान**	**सम्झौता रु.**	**खर्च रु.**	-
क	२४०।०८२।०३।२५ औषधि-समुन्द्र मेडीको फर्मा	३८	१०,००,०००.००	९,५१,७६०.००	९,५१,७६०.००	सोझै खरिद
ख	१३।२०८१।०९।०९ औषधि-हयात मेडीको डिष्ट्रिव्युटर	३३	-	-	१९,९९,९२०.००	सोझै खरिद
	जम्मा				२९,५१,६८०.००	

४४ **आमा सुरक्षा कार्यक्रम**

आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम निर्देशिका, २०७८ को बुदा नं. १६ अनुसार आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम सञ्चालन गर्ने स्वास्थ्य संस्थाले प्रदान गरेको आमा सुरक्षा कार्यक्रमको अनुसूची १५ र नवजात शिशु कार्यक्रमको अनुसूची १६ वमोजिमको चेकलिष्ट प्रयोग गरी सम्बन्धित तहले मासिक रुपमा अनिवार्य अनुगमन तथा सुपरीवेक्षण गर्नुपर्ने उल्लेख छ। पालिकाका १ वटा वर्थिङ्ग सेन्टरबाट पेश भएको आमा सुरक्षा इकाई मुल्य फाराम (अनुसूचि १०) बमोजिम २९६ जनाको सामान्य सुत्केरी गराएको विवरण अनुसार सुत्केरी यातायात खर्च प्रति व्यक्ति रु.१,०००.०० का दरले रु.२,९६,०००.००, प्रसुती गराए वापत संस्थागत शुल्क प्रति सुत्केरी रु.२,५००.०० का दरले जम्मा रु.७,४०,०००.०० र प्रोटोकल बमोजिम गर्भवती उत्प्रेरणा प्रोत्साहन प्राप्त गरेका १९९ जनालाई रु.८००.०० का दरले रु.१,५९,२००.०० समेत रु.११,९६,२००.०० सोधभर्ना भुक्तानी भएको देखियो। पालिकाले उल्लेखित खर्च मासिक रुपमा सोध भर्ना भुक्तानी गर्दा आमा सुरक्षा कार्यक्रम तर्फ अनुसूची १५ र नवजात शिशु कार्यक्रम तर्फ अनुसूची १६ वमोजिमको चेकलिष्ट प्रयोग गरी अनुगमन तथा सुपरीवेक्षण गरेको प्रमाण समावेश गरेको देखिएन। पालिकाले उल्लिखित खर्च भुक्तानी गर्दा निर्देशिका अनुसार आमा सुरक्षा कार्यक्रमको अनुसूची १५ वमोजिमको चेकलिष्ट प्रयोग गरी मासिक रुपमा अनिवार्य अनुगमन तथा सुपरीवेक्षण भएको प्रमाण समावेश गर्नु पर्दछ।

४५ **शिक्षण सहयोग अनुदान आधारभूत तह (१-८)**

कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.४१ अनुसार आधारभूत तह कक्षा (६-८) मा शिक्षण सिकाइ अनुदान व्यवस्थापन कार्यविधि, २०७७ तथा दरबन्दी मिलानको प्रतिवेदन अनुरुप सामुदायिक विद्यालयको आधारभूत तह कक्षा (६-८) का स्वीकृत बजेटको परिधिभित्र रही शून्य दरबन्दी भएका विद्यालयलाई न्यूनतम १ शिक्षक बराबरको अनुदान उपलब्ध गराउन सकिने व्यवस्था रहेको छ। पालिकाले संघीय सशर्तबाट निम्न विद्यालयहरुमा राहत/स्थायी दरबन्दीका शिक्षक भएको अवस्थामा थप अनुदान शिक्षक नियुक्त गरी प्रति शिक्षक रु.४,६१,१३९.०० निकासा उपलब्ध गराएको देखियो। कार्यक्रम कार्यान्वयन पुस्तिकाले तोकेको भन्दा बढी शिक्षक नियुक्त गरी संघीय शसर्तबाट अनुदान भुक्तानी गरेकोले भुक्तानी नियमानुसार भएको पुष्टि हुने प्रमाण पेश गर्नु पर्ने अन्यथा स्थानीय सञ्चितकोषवाट फिर्ता गरी संघीय सञ्चितकोषमा दाखिला गर्नु पर्ने रु.

क्र.स.	विद्यालयको नाम	स्थायी/राहत दरबन्दी	तह	अनुदान शिक्षक संख्या	कार्यविधि भन्दा वढी शिक्षक संख्या	खर्च रकम (रु.)
१.	श्री तुनिहवा मा.वि.	१	नि.मा.वि.	२	२	९,२२,२७८
२.	श्री कृषक आ.वि.	०	नि.मा.वि.	२	१	४,६१,१३९
३	श्री पकडी आ.वि.	०	नि.मा.वि.	२	१	४,६१,१३९
४	श्री कटया आ.वि.	०	नि.मा.वि.	२	१	४,६१,१३९
	जम्मा			८	५	२३,०५,६९५

प्रमाण पेश नगरेको	२३,०५,६९५

४६ **नीतिगत व्यवस्था कार्यान्वयन**

क. सार्वजनिकरण

अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास शिक्षा देखि बाह्र कक्षासम्मका विद्यार्थी संख्या अनुसार ५०० जनासम्म, ५०० देखि ८०० जनासम्म र ८०० भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न सिट आरक्षण गर्नुपर्ने व्यवस्था छ। त्यस्तै शिक्षा नियमावली, २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरिव, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ। पालिकाले ऐन तथा नियमावली अनुसार निशुल्क शिक्षाकालागि संस्थागत विद्यालयहरुले आरक्षण उपलब्ध गराएको विवरण लेखापरीक्षणमा पेश भएको छैन। पालिकाले आफ्नो क्षेत्रका संस्थागत विद्यालयको अनुगमन गरी ऐन तथा नियमावलीको व्यवस्थाको कार्यान्वयन सुनिश्चितता, सोको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

ख. संस्थागत विद्यालय व्यवस्थापन र अनुगमन

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(ज) मा पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सामुदायिक तथा संस्थागत आधारभूत तथा माध्यमिक तहसम्मको विद्यालयको अभिलेख राख्ने, पालिकाको शिक्षा योजना तर्जुमा गरी कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा नियमन गर्ने व्यवस्था छ। पालिकाले संस्थागत विद्यालयको व्यवस्थापन तथा अनुगमन सम्बन्धमा निश्चित मापदण्ड तयार गरी कार्यान्वयन गरेको नदेखिएकोले नियमानुसार मापदण्ड तयार गरी अनुगमन तथा सुपरिवेक्षण प्रभावकारी रुपमा गरी सोको प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ।

ग. शिक्षक अभिलेख व्यवस्थापन

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (ज) मा पालिकाले आफ्नो क्षेत्रभित्र संचालनमा रहेका सामुदायिक तथा निजी आधारभूत तथा माध्यमिक तह सम्मको विद्यालयको अभिलेख राख्ने, मूल्यांकन तथा नियमन गर्ने व्यवस्था छ। पालिकाले शिक्षा योजना तर्जुमा गरी कार्यान्वयन, अनुगमन तथा मुल्यांकन गर्नपर्ने व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्रभित्र संचालित संघीय, प्रदेश अनुदान तथा आन्तरिक स्रोतबाट तलब भत्ता खाने, बैकल्पिक शिक्षा सिकाई केन्द्र, सामुदायिक बालविकास केन्द्र तथा सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको नियुक्ति, अवकाश, सरुवा, बिदा तथा राजिनामा सम्बन्धी विवरण प्रमाणित गरी अभिलेख राख्नुपर्नेमा सो राखेको छैन। लेखापरीक्षणको क्रममा माग गरिएका मध्ये केहि शिक्षकहरुको अभिलेख प्राप्त भएतापनि सबैको व्यक्तिगत अभिलेख पूर्ण रुपमा राखेको नदेखिएकोले उपरोक्त अनुसारको अभिलेख अद्यावधिक तथा प्रमाणित गरी राख्नुपर्दछ।

घ. शैक्षिक गुणस्तर

सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय सरकारको अग्रणी भूमिका हुने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानिय तहले बाल विकास केन्द्रहरुको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामाग्रीमा समसामयिक सुधार, प्रधानाध्यापकहरुको व्यवस्थापकिय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रकृयामा सुधार गर्ने, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढिकरण गर्ने, शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेणा अभिवृद्धि गर्ने, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन गर्ने, विद्यार्थी मूल्याङ्कन प्रणालीमा सुधार गर्ने, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यवसायिक शिक्षामा सुधार गर्ने जस्ता कुराहरुलाई समेटी शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धि कार्य गरेको देखिएन। विद्यालयको शैक्षिक गुणस्तर सुधार हुने गरी शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नु पर्दछ।

४७ **एस. ई. ई. परीक्षाको नतिजा**

पालिका अन्तर्गतको विद्यालयको शिक्षाको गुणस्तर अभिवृद्धि गर्न विषयगत शिक्षक तथा कर्मचारीको तलव भत्ता, दिवा खाजा, पाठ्यपुस्तक, छात्रवृत्ति, नमुना विद्यालय तथा भौतिक सुविधा लगायतमा विभिन्न अनुदान उपलव्ध गराउदै आएको छ। सो अनुरुप कक्षा ८ र १० को परीक्षालाई गुणस्तर मापनको सूचीका रुपमा लिइने हुदाँ आर्थिक वर्ष २०८१।०८२ मा पालिकाबाट सञ्चालित कक्षा ८ र एसईई परीक्षाको नतिजा निम्न बमोजिमको रहेको देखिन्छ।

क्र.सं.	**विद्यालयको नाम**	**कक्षा ८ (विद्यार्थी सँख्या)**			**कक्षा १० (एस.ई.ई) (विद्यार्थी सँख्या)**		
		परीक्षामा सहभागी	**उत्तीर्ण**	**उत्तीर्ण प्रतिशत**	**परीक्षामा सहभागी**	**उत्तीर्ण**	**उत्तीर्ण प्रतिशत**
१.	मर्चवारआदर्श मा.वि.	१२४	९०	७३	९८	३१	३२
२.	मर्यादपुरमा.वि.	१२६	९०	७१	८५	४२	४९
३.	बोगडी मा.वि.	११४	७८	६८	६६	२५	३८
४.	जानकी मा.वि.	२२	९	४१	३२	६	१९
५.	लालविहारीमा.वि.	५४	४७	८७	२७	३	११
६.	तुनिहवा मा.वि.	४१	३३	८०	३३	४	१२
७.	श्रीराम मा.वि.	६२	३६	५८	४८	५	१०
८.	कृषक आ.वि.	१६	१६	१००	......	......	......
९.	पकडी आ.वि.	२५	२३	९२	......	......	......
१०.	कटया आ.वि.	२५	१५	६०	......	......	......
११.	फातेमतुज्हरा गर्ल्स स्कुल	५१	४९	९६	......	......	......
१२.	मदरसा मदीनतुल इस्लाम	१७	१६	९४	......	......	......
	जम्मा/ औसत	६७७	५०२	७४%	३८९	११६	३०%

पालिकाबाट प्राप्त विवरण अनुसार उपरोक्त १२ सामुदायिक विद्यालयका कक्षा ८ र कक्षा १० को परीक्षाको नतिजा विश्लेषण गर्दा कक्षा ८ मा समिल्लित ६७७ विद्यार्थि मध्ये ५०२ जना अर्थात ७४ प्रतिशत र कक्षा १० को परीक्षामा ३८९ जना विद्यार्थी सहभागी भई ११६ जना अर्थात ३० प्रतिशत विद्यार्थी मात्र उत्तीर्ण भएको देखिन्छ। जसले पालिकाको तर्फबाट भएको परीक्षामा अधिकांश विद्यार्थी पास हुने र जिल्लाबाट हुने परीक्षामा विद्यार्थी असफल हुने अवस्था देखिएको छ। कक्षा १० को सम्पूर्ण मा. वि. तहका विद्यालयहरुको नतिजा परीक्षामा उपस्थित विद्यार्थिसंख्या भन्दा ५० प्रतिशतले कम रहेको देखिएको छ। यसले पालिको शैक्षिक अवस्था साह्रै चिन्ताजनक

रहेको दर्शाउँछ। शिक्षा क्षेत्रको गुणस्तर सुधारका लागि संघ, प्रदेश तथा स्थानिय तिनै तहबाट नियमित लगानी हुँदै गर्दा यस्तो शैक्षिक परिणामको जिम्मेवारी सम्बन्धित सबै पक्षले लिनुपर्दछ। आगामी दिनमा पालिकाले विद्यालयको शैक्षिक गुणस्तर सुधारलाई प्राथमिकतामा राखी पालिका तथा विद्यालय स्वयमलाई जिम्मेवार बनाई कार्य गर्नुपर्ने र नियामक निकायले विद्यालयहरुको शैक्षिक अवस्थाको नियमित अनुगमन गरी शैक्षिक गुणस्तर सुधार गर्नु पर्ने तर्फ ध्यान दिनुपर्दछ ।

४८ **नियमित कार्यका लागि भत्ता**

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **८,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **८,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **८,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **८,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **८,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **८,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **५,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **५,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **५,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **५,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **५,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **५,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **८,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **८,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **४,२५०**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४९ **शिक्षक दरबन्दी तथा पदपूर्ति र विद्यार्थी संख्या**

शिक्षा नियमावली, २०५९ को नियम ९२ तथा अनुसुची १२ बमोजिम शिक्षक विद्यार्थी अनुपात अनुसार शिक्षक दरवन्दी हुनुपर्दछ। पालिका अन्तर्गतका निम्नानुसार १४ वटा सामुदायिक विद्यायल र ८ धार्मिक विद्यालय मदरसाको शिक्षक दरबन्दी तथा पदपूर्ती र विद्यार्थी संख्याको अनुपातको विवरण निम्नानुसार छ।

पालिकाबाट प्राप्त सामुदायिक विद्यालयका शिक्षक दरबन्दी तथा विद्यार्थी संख्याको अनुपात विश्लेषण गर्दा २२ विद्यालयमा ६४०३ विद्यार्थी अध्ययनरत रहेकोमा दरबन्दी, राहत, शिक्षण सिकाइ अनुदान र गाउँपालिका अनुदान शिक्षक गरी कुल १५७ शिक्षक कार्यरत रही समग्रमा शिक्षक विद्यार्थी अनुपात १:४१ अर्थात १ जना शिक्षकले जना ४१ विद्यार्थीहरुलाई व्यवस्थापन गरेको अवस्था छ। शिक्षा नियमावली, २०५९ को नियम ७७ को उपनियम (१) मा सामुदायिकविद्यालयको प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराईमा ५० विद्यार्थी हुनुपर्ने व्यवस्था रहेकोमा यस पालिकाको विद्यालय मध्ये सबैभन्दा बढी विद्यार्थी संख्या भएको विद्यालय मर्चवारी आदर्श माध्यमिक विद्यालयमा विद्यार्थी संख्या ७२३ र शिक्षक संख्या २४ रहि विद्यार्थी शिक्षक अनुपात ३१ रहेको छ भने सबैभन्दा कम विद्यार्थी रहेको शिवशक्ति प्राथमिक विद्यालयमा विद्यार्थी संख्या १०२ र शिक्षक संख्या ३ रहि विद्यार्थी शिक्षक अनुपात ३४ रहेको देखिएको छ । यस्तै १६ विद्यालयहरुमा विद्यार्थी शिक्षक अनुपात ५० भन्दा कम देखिएको छ। शिक्षक विद्यार्थी अनुपात नेपाल सरकारको मापदण्ड अनुसार नदेखिएकोले विद्यालयहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम शिक्षकको समानुपातिक वितरण मार्फत विद्यालमा दरबन्दी मिलान तथा पुनर्वितरण गरी उचित अनुपात कायम गरिनुपर्छ।

(विस्तृत विवरण बेरूजु दफा ४९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

५० **निःशुल्क पाठ्यपुस्तक अनुदानमा बढी भूक्तानी**

कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं २.४.६.१ मा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान सम्बन्धि व्यवस्था रहेको छ। एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्टि तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा पाठ्यक्रम विकास केन्द्रले प्रकाशन गरेको पाठ्यपुस्तकको मूल्यसूची अनुसारको मूल्यको आधारमा पाठ्यपुस्तकको अनुदान विद्यालयको खातामा पठाउनु पर्ने व्यवस्था रहेकोमा यस वर्ष कुनैपनि विद्यालयको सत्यापन सम्बन्धि कार्य गरेको देखिएन।

लेखापरीक्षण क्रममा नमुना छनौटमा परेका निम्न विद्यालयलाई पालिकाले निःशुल्क पाठ्यपुस्तक अनुदान प्रदान गर्दा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्टि तथ्याङ्कको आधारमा गर्नुपर्नेमा सो भन्दा बढी विद्यार्थी संख्या गणना गरी पाठ्यपुस्तक वितरणका लागि अनुदान भूक्तानी गरेको पाईयो। पालिकाले एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्टि तथ्यांक भन्दा बढी हुने गरी अनुदान निकासा भएको एकिन गरी बढी हुन आउने रकम सम्बन्धित विद्यालयबाट असुल गरी संघीय राजस्व दाखिला गर्नुपर्दछ रु.

सि. नं.	विद्यालयको नाम	अनुदान दिएको रकम	अनुदान दिनुपर्ने रकम (ऐच्छिक विषय समेत) (रु.)	बढी भूक्तानी रकम (रु.)
१	जानकी मा. वि.	२५४०७८	११७६६२.६	१३६४१५.४

कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं २.४.६.१ (३.२) मा स्थानीय तहले आर्थिक वर्षभित्र विभिन्न चरणमा कक्षा १-१२ मा निःशुल्क पाठ्यपुस्तकका लागि विद्यालयलाई निकासा दिइएको विद्यार्थी संख्या तथा अनुदानको एकीकृत अधिलेख तयार गरी प्रमाणित गर्ने र अभिलेखिकरण गर्ने व्यवस्था रहेको छ। पालिकाले सो सम्बन्धमा कुनै विवरण प्रमाणित तथा अभिलेखिकरण गरेको देखिदैन। कार्यक्रम कार्यान्वियन कार्यविधि बमोजिम पालिकाले अनुदान वितरण सम्बन्धमा अनुदानको एकिकृत अभिलेख तयार गरी प्रणाणित गरी राख्नुपर्दछ।

असुल गर्नुपर्ने	१,३६,४१५.४

५१ **विद्यालयगत अनुदान**

विद्यार्थी संख्या सत्यापन नगराएको

स्थानीय तहले एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयको कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा सामुदायिक विद्यालयहरुलाई निर्देशिका बमोजिमको अनुदान निकासा दिनुपर्ने व्यवस्था छ। पालिकाले अनुदान निकासा भुक्तानी गर्दा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट विद्यार्थी तथ्याङ्कलाई आधार लिइएको भएता पनि कतिपय विद्यालयको विद्यार्थी संख्या IEMIS को तथ्याङ्कसँग मेल नखाएको देखिन्छ। तसर्थ पालिकाले विद्यालयगत अनुदान निकासा पुर्व विद्यालयगत एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सत्यापन गरी प्रमाणित गरी राख्नुपर्दछ।

पालिकाले आर्थिक वर्ष २०८१।०८२ मा प्रदान गरेको शीर्षकगत अनुदान विवरण निम्नानुसार रहेको छ ।

क्र.सं.	**विद्यार्थी संख्या**	**अनुदानको प्रकार**	**रकम**
१	४८९२	दिवा खाजा	८७३१७१०
२	५५८६	निःशुल्क पाठ्यपुस्तक	३८६७८२५
३	९९७	प्रति विद्यार्थी इकाई लागतका आधारमा प्रारम्भिक वालविकास/पुर्व प्राथमिक कक्षाका लागि अनुदान (ECD अनुदान रु.५०० का दरले)	४९८५००
४	३८१८	कक्षा १ – ५ (रु . १५० का दरले)	१४७३०५
५	१८८७	कक्षा ६ – ८ (रु . २०० का दरले)	३७७४००
६	८७८	कक्षा ९– १० (रु . २०० का दरले)	१७५६००
७	४१४	कक्षा ११– १२ (रु . २५० का दरले)	१०३५००

५२ **पालिका करार शिक्षक व्यवस्थापन अनुदान**

शिक्षा नियमावली, २०५९ को नियम १०५ मा विद्यालयले आफै नियुक्ती गरेको शिक्षकको पारिश्रमिक आफ्नै श्रोतबाट व्यहोर्नुपर्ने र सोको अनुगमन, नियमन, व्यवस्थापन, दरबन्दी मिलान जस्ता कार्यहरु स्थानिय तहले गर्नुपर्ने उल्लेख छ। पालिकाले शिक्षण अनुदान शिक्षक व्यवस्थापन कार्यविधि,२०७९ को बुदा नं. ३ मा पालिकाभित्र रहेका सामुदायिक विद्यालयहरुमा पूर्व प्राथमिक तह देखी कक्षा १२ सम्म शुन्य वा न्यून दरबन्दी भएका विद्यालयहरुमा शिक्षक व्यवस्थापन गर्न शिक्षण अनुदान र विद्यार्थी संख्याका आधारमा पिसिएफ उपलब्ध गराउन सकिने तथा बुदा नं. ७ मा यसरी नियुक्त गरिएका शिक्षकले पाउने पारिश्रमिक सम्बन्धी व्यवस्था गरेको छ। त्यस्तै

शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा २० अनुसार जनसांख्यिक संरचना परिवर्तन भएको कारण स्वीकृत मापदण्ड अनुसार शिक्षक विद्यार्थी अनुपात थपघट हुनगएको अवस्थामा स्थानिय तहले आफ्नो आवश्यकताअनुसार आवधिक दरबन्दी मिलान सम्बन्धी व्यवस्था रहेको छ। पालिकाले आर्थिक वर्ष २०८१।०८२ मा ४८ शिक्षक करारमा नियुक्ति गरी निजहरुको तलव भत्ताका लागि पालिकाले रु.१,२७,५५,०१४.०० विद्यालयको खातामा अनुदान निकासा गरेको छ। पालिकाले दरबन्दी मिलान तथा न्यून विद्यार्थी संख्या भएका विद्यालयहरुलाई भौगोलिक निकटताका आधारमा मर्ज गर्ने तथा आवधिक रुपमा दरबन्दी समेत मिलान गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ।

५३ **क्याम्पसलाई अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ज) मा आधारभुत र माध्यमिक शिक्षाको अधिकार अन्तर्गत निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन, सामूदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन तथा नियमन लगायतका विषयहरु स्थानीय तहको अधिकारक्षेत्र हुने व्यवस्था छ। साथै शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१।८२,अनुसार स्थानीय तहबाट हुने शैक्षिक क्रियाकलाप अन्तर्गत माध्यामिक विद्यालय तहसम्म तलव भत्ता तथा विद्यालय गतिविधिसंग सम्बन्धित क्रियाकलापमा खर्च गर्न सकिने व्यवस्था छ। पालिकाले माध्यामिक तह सम्मका विद्यालयमा मात्र बजेट विनियोजन गरी कार्यक्रम संचालन गर्नुपर्नेमा पालिकाले यस आर्थिक वर्ष २०८१।०८२ मा गोश्वरा भौचर नं. १९/०८२/०१/०२ बाट श्री मर्चवार आदर्श बहुमखी क्याम्पसलाई रु.१२,००,०००।०० अनुदान प्रदान गरेको छ। क्याम्पसलाई विश्व विद्यालय तथा अन्य प्रदेश सरकारबाट अनुदान पाउने गरेकोमा पालिकाको कार्य क्षेत्र बाहिर गई अनुदान खर्च लेखेको अनियमित देखिएको रु.

क्र.स	शैक्षिक संस्थाको नाम	अनुदान किसिम तथा स्रोत	विवरण	अनुदान रकम (रु.)
१	श्री मर्चवार आदर्श बहुमुखी क्याम्पस	आन्तरीक (संघीय राजस्व)	अध्यापन गर्ने प्राध्यापकहरुको तलब भत्तामा खर्च गरेको विवरण पेश भएको	१२,००,०००/-
	जम्मा			१२,००,०००/-

अनियमित भएको	१२,००,०००

५४ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउनएवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्रप्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यो कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्रीरोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाका ४ वडामा ९ योजना सञ्चालन गरी यस वर्ष ४६ जनालाई औसत ५७।५ दिनले २६३८ दिन रोजगारी उपलव्ध गराई रु.१७,६२,१८४.०० श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दायोजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

५५ **प्रदेश शसर्त अनुदान**

पालिकाले प्रदेश शसर्त अनुदान तर्फ रु. ९५ लाख बजेट प्राप्त गरी आर्थिक वर्षको अन्त्यसम्म ४६ प्रतिशत अर्थात रु.४३,३३,७६०.०० को मात्र कार्यान्वयन गरेको छ। अनुदानको खर्च सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छनः

५५.१ **प्रदेश बजेट कार्यान्वयन**

वार्षिक रुपमा योजनाको कार्य सम्पन्न गर्ने गरी बजेटको उपयोग हुने गरी प्रदेशबाट प्राप्त हुने कार्यक्रम समयमा बोलपत्र/सिलवन्दी दरभाउपत्र आह्वान गरी सम्झौता गरेर आर्थिक वर्षको अन्त्यसम्म सम्पन्न गर्नु पर्दछ। पालिकाले निम्नानुसार २०८१ चैत्र महिनामा निर्माण सम्झौता गरेकोले आर्थिक वर्षको अन्त्यसम्म निर्माण सम्पन्न नभएको र घटी निर्माण कार्य भएको अवस्थामा समेत कार्य स्वीकार गरेको देखियो। प्रदेशबाट प्राप्त अनुदानको अधितम परिचालन हुने गरी समयमा खरिद व्यवस्थापन गरी आर्थिक वर्षको अन्त्यसम्म कार्यान्वयन गरिसक्नु पर्दछ।

क्र.सं.	संकेत नं.	कार्यक्रमको नाम	निर्माण व्यवसायी	बजेट	लागत अनुमान	सम्झौता	भुक्तानी	थप बेहोरा
१	७।०८१।८२	कोटहीमाइ गा पा वडा नं. तिवारी कटयामा काली माता मन्दिर निर्माण रुपन्देही	उसा निर्माण सेवा	१५००००	१४५५५६४	९८७०५८	४४८६८२	२०८२।१२।३० सम्म म्याद थप
२	६।०८१।८२	नदि टोलमा इन्द्रसेन पासिको घरदेखि दुर्गेस मल्लाहको घरसम्म पि सि सि ढलान कोटहीमाइ गा पा १ रुपन्देहि	उसा निर्माण सेवा	१५००००	१४४९६१३	१०१८६४३	५२६२७५	सम्पन्न
३	५।०८१।८२	नगेन्द्र यादवको खेतदेखि प्रहलाद यादवको घरसम्म पि सि सि ढलान कोटहीमाइ गा पा रुपन्देही	उसा निर्माण सेवा	१५००००	१४६३९३७	१०२३३८३	४२१९६५	सम्पन्न
४	४।०८१।८२	तिवारी कटया गाँउमा सत्यजित त्रिपाठी घरदेखि बुद्धु भरको घरसम्म पि सि सि ढलान कोटहीमाइ गा पा ६ रुपन्देही	उसा निर्माण सेवा	१५००००	१४६६८२२	१०१४३८०	७०९०४३	सम्पन्न

५५.२ घटीको निर्माण कार्य स्वीकार

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७(२क) अनुसार निर्माण कार्यको हकमा कम्तीमा नब्बे प्रतिशत भौतिक प्रगति भएको र आयोजनाको उद्देश्य अनुरुप सो निर्माण कार्य सामान्य प्रयोग वा सञ्चालनमा आएको अवस्था भएमा र सम्बन्धित निर्माण व्यवसायीले अनुरोध गरेमा सार्वजनिक निकायले उपनियम २ बमोजिम कार्य स्वीकार गर्न सक्ने उल्लेख छ। पालिकाले प्रदेश शसर्त अनुदानबाट निम्नानुसार ४ योजना मध्ये लागत अनुमानको ३० देखि ३१ प्रतिशत घटेर सम्झौता भएका ३ योजना ४१ देखि ७० प्रतिशतमा सम्पन्न गरेको देखियो। नियमावलीको व्यवस्था भन्दा फरक हुने गरी कार्य स्वीकार गरेको नियमसम्मत नदेखिएको रु.

क्र.सं.	संकेत नं.	कार्यक्रमको नाम	निर्माण व्यवसायी	लागत अनुमान	सम्झौता	सम्पन्न कार्य
१	६। ०८१। ८२	नदि टोलमा इन्द्रसेन पासिको घरदेखि दुर्गेस मल्लाहको घरसम्म पि सि सि ढलान कोटहीमाइ गा पा १ रुपन्देहि	उसा निर्माण सेवा	१४४९६१३	१०१८६४३	५२६२७५
२	५। ०८१। ८२	नगेन्द्र यादवको खेतदेखि प्रहलाद यादवको घरसम्म पि सि सि ढलान कोटहीमाइ गा पा रुपन्देही	उसा निर्माण सेवा	१४६३९३७	१०२३३८३	४२१९६५
३	४। ०८१। ८२	तिवारी कटया गाँउमा सत्यजित त्रिपाठी घरदेखि बुद्धु भरको घरसम्म पि सि सि ढलान कोटहीमाइ गा पा ६ रुपन्देही	उसा निर्माण सेवा	१४६६८२२	१०१४३८०	७०९०४३

अनियमित भएको	१६,५७,२८३

५६ **लगत कट्टा हुनुपर्ने लाभग्राहीको नाममा भुक्तानी**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **११,३२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **३,८६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : कोटहीमाई गाउँपालिका, रुपन्देही , कोटहीमाई गाउँपालिका , रुपन्देही

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	दिनेश कुमार गौड	२०८१-२-१	२०८२-०३-२५
कार्यालय प्रमुख	अजय मिश्र	२०८२-०३-२७	हाल सम्म कार्यरत
लेखा प्रमुख	निरञ्जन ज्ञवाली	२०७७-८-८	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
५६३,६०५.४	२,८५७,२८३	४,६०३,६८०	०	०	७५०,०००
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	८,७७४,५६८.४
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	२६४,८३५
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	८,५०९,७३३.४

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		६५६२८००५	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	५३५५६१२६०	चालु खर्च	४२४५६४४७३
प्रदेश सरकारबाट अनुदान	२४५३५६७४	पूँजीगत खर्च	९५५९९३७७
राजश्व बाँडफाँट	९७८६१२८.०	वित्तीय/अन्य व्यवस्था	४८६०११५९
आन्तरिक आय	६८९९०५८.०		
अन्य आय	२४४३९२३.०		
कुल आय	५७९२२६०४३.०	कुल खर्च	५६८७६५००९
बाँकी मौज्दात		७६०८९०३९	

अनुसूची - २

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

आ.व.: २०८१/ ८२ अवधी : २०८१/ ०४/ ०१ - २०८२/ ०३/ ३२					
प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)					
क्र.स./ आर्थिक सङ्केत	विवरण	चालु आ.ब.को कारोबार		गत आ.ब. को कारोबार	
		नगद	जम्मा	नगद	जम्मा
	राजस्व अनुदान र अन्य प्राप्ति				
११०००	कर	१११६८८८४३.५४	१११६८८८४३.५४	९८४८०६७१.२५	९८४८०६७१.२५
१३०००	अनुदान	२६५६२२२३४.०८	२६५६२२२३४.०८	२७८३२४१७४.८२	२७८३२४१७४.८२
१४०००	अन्य राजस्व	२९६२५०३.५६	२९६२५०३.५६	४६१८९५०.२४	४६१८९५०.२४
१५०००	विविध प्राप्ति	२७१७८७७.४४	२७१७८७७.४४	५४१६००.	५४१६००.
क	**कुल जम्मा प्राप्ति**	३८२९९१४५८.६२	३८२९९१४५८.६२	३८१९६५३९६.३१	३८१९६५३९६.३१
३	चालु	२७५८७४८३२.१२	२७५८७४८३२.१२	२७०१०५३८५.८७	२७०१०५३८५.८७
२१०००	पारिश्रमिक / सुविधा	६३६८५२६३.७४	६३६८५२६३.७४	६०३२३१४४.४८	६०३२३१४४.४८
२२०००	मालसामान तथा सेवाको उपयोग	७८७९७१९२.९८	७८७९७१९२.९८	९९४८८८५४.१७	९९४८८८५४.१७
२४०००	ब्याज सेवा शुल्क तथा बैंक कमिशन	२००२४६.	२००२४६.	०	०
२५०००	सहायता (Subsidy)	१२४७६७६७१.४	१२४७६७६७१.४	९८८३१२७५.२२	९८८३१२७५.२२
२६०००	अनुदान	०	०	४५,०००.००	४५,०००.००
२७०००	सामाजिक सुरक्षा	६९२९६०८.	६९२९६०८.	९५४७७११.	९५४७७११.
२८०००	अन्य खर्च	१४९४८५०.	१४९४८५०.	१८६९४०१.	१८६९४०१.
४	पूंजीगत	९५५९९३७७.	९५५९९३७७.	१२४१९२४५४.	१२४१९२४५४.
३१११०	भवन तथा संरचना	११६२२७९८.	११६२२७९८.	६२६०१३५.	६२६०१३५.
३११२०	सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स	४५०९०७४.	४५०९०७४.	४०७६१४१.	४०७६१४१.
३११३०	अन्य पूँजीगत खर्च	१००००००.	१००००००.	१५०००००.	१५०००००.
३११५०	सार्वजनिक निर्माण	७७५१५८३१.	७७५१५८३१.	१११००९७५७.	१११००९७५७.
३११६०	निर्मितसरचनाको सुधार खर्च	९५१६७४.	९५१६७४.	०	०
३११७०	पूँजीगत सुधार खर्च	०	०	१३४६४२१.	१३४६४२१.
ख)	**कुल जम्मा भुक्तानी**	३७१४७४२०९.१२	३७१४७४२०९.१२	३९४२९७८३९.८७	३९४२९७८३९.८७
ग)	**बचत /कमी (ग = क-ख)**	११५१७२४९.५	११५१७२४९.५	-१२३३२४४३.५६	-१२३३२४४३.५६
घ)	**धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -)**	-९७१६१५.१७	-९७१६१५.१७	२२५८२२८.८६	२२५८२२८.८६
घ.१)	**कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी**	५,७८३.००	५,७८३.००		
ङ)	**यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) (ङ = ग+घ)**	१०५४५६३४.३३	१०५४५६३४.३३	-१००७४२१४.७	-१००७४२१४.७
च)	**गत आ.व.को नगद तथा बैंक मौज्दात**	६५६२८००४.६४	६५६२८००४.६४	७५७०२२१९.३४	७५७०२२१९.३४
छ)	**विनिमय नाफा/ घाटा तथा अन्य समायोजन**				
ज)	**आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)**	७६१७३६३८.९७	७६१७३६३८.९७	६५६२८००४.६४	६५६२८००४.६४

बेरूजु दफा ४९ सँग सम्बन्धित विवरण - अनुसूची -४

क्र.सं.	विद्यालयकोनाम	मा.वि.शिक्षक विवरण					आ.वि.शिक्षक विवरण					प्रा.वि.शिक्षक विवरण				विद्यार्थी सङ्ख्या				शिक्षकविद्यार्थी अनुपात			
		दरबन्दी	राहत	संघीयअनुदान	गा.पा. अनुदान	जम्मा	दरबन्दी	राहत	संघीय अनुदान	गा.पा. अनुदान	जम्मा	दरबन्दी	राहत	गा.पा. अनुदान	जम्मा	मा.वि.	आ.वि.	प्रा.वि.	जम्मा	मा.वि.	आ.वि.	प्रा.वि.	जम्मा
१	मर्चवार आदर्शमा.वि.	६	२	०	०	८	२	१	०	०	३	११	२	०	१३	११५	३०२	३१५	७३२	१४	१०१	२४	३१
२	मर्यादपुरमा.वि.	१	०	२	१	४	०	३	०	१	४	४	२	१	७	११९	३६२	२३९	७२०	३०	९१	३४	४८
३	बोगडी मा.वि.	०	०	३	०	३	०	०	०	५	५	६	२	०	८	१३६	२७९	३२१	७३६	४५	५६	४०	४६
४	जानकी मा.वि.	०	०	२	०	२	०	०	१	२	३	५	२	१	८	४२	१२२	२९२	४५६	२१	४१	३७	३५
५	श्रीराम मा.वि.	०	०	३	०	३	०	०	०	३	३	५	३	०	८	६५	१६३	२२४	४५२	२२	५४	२८	३२
६	लालविहारीमा.वि.	०	०	३	१	४	०	०	१	३	४	४	२	०	६	३३	१२४	२०६	३६३	८	३१	३४	२६
७	तुनिहवा मा.वि.	०	०	३	०	३	१	०	२	१	४	४	३	४	११	५२	१४९	४०३	६०४	१७	३७	३७	३४
८	कृषक आ.वि.	०	०	०	०	०	०	०	२	२	४	३	१	०	४	०	६०	१२१	१८१	०	१५	३०	२३
९	पकडी आ.वि.	०	०	०	०	०	०	०	२	०	२	३	२	०	५	०	६४	१३९	२०३	०	३२	२८	२९
१०	कटया आ.वि.	०	०	०	०	०	०	०	३	०	३	३	०	०	३	०	८३	१६७	२५०	०	२८	५६	४२
११	शिवशक्तिप्रा.वि.	०	०	०	०	०	०	०	०	०	०	३	०	०	३	०	०	१०२	१०२	०	०	३४	३४
१२	गणेशसा.प्रा.वि.	०	०	०	०	०	०	०	०	०	०	१	०	२	३	०	०	१३३	१३३	०	०	४४	४४
१३	समयामाईप्रा.वि.	०	०	०	०	०	०	०	०	०	०	०	१	२	३	०	०	११७	११७	०	०	३९	३९
१४	नवदुर्गाप्रा.वि.	०	०	०	०	०	०	०	०	०	०	१	१	३	५	०	०	१३१	१३१	०	०	२६	२६
१५	मदरसा मदिनतुलइस्लाम	०	०	०	०	०	०	०	०	०	०	०	०	१	१	०	६३	१५१	२१४	०	०	१५१	२१४
१६	फातेमतुज्जहरागर्ल्स स्कुल	०	०	०	०	०	०	०	०	०	०	०	०	१	१	०	१६४	२२३	३८७	०	०	२२३	३८७
१७	म.अल फलह अलइब्ते	०	०	०	०	०	०	०	०	०	०	०	०	१	१	०	०	३१	३१	०	०	३१	३१
१८	म.अबु अय्युबअल अन्सारी	०	०	०	०	०	०	०	०	०	०	०	०	१	१	०	०	१२७	१२७	०	०	१२७	१२७
१९	मदरसाअनवारुत्तौहिद	०	०	०	०	०	०	०	०	०	०	०	०	१	१	०	२४	१३४	१५८	०	०	१३४	१५८
२०	म.दारुत्तौहिद	०	०	०	०	०	०	०	०	०	०	०	०	१	१	०	०	१३८	१३८	०	०	१३८	१३८
२१	अरबिया बाबुलतौहिद	०	०	०	०	०	०	०	०	०	०	०	०	१	१	०	०	५९	५९	०	०	५९	५९
२२	म. अनवारुलइस्लाम	०	०	०	०	०	०	०	०	०	०	०	०	१	१	०	०	१०९	१०९	०	०	१०९	१०९
२३	जम्मा	७	२	१६	२	२७	३	४	११	१७	३५	५३	२१	२१	९५	५६२	१९५९	३८८२	६४०३	२१	५६	४१	४१

सुझाव

गाउँपालिकाद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।

- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।